# सौर्य दैनिक

www.souryaonline.com








वर्ष ११ | अंक २७४ | बिहिबार, १५ मंसिर २०७९ | SOURYA NATIONAL DAILY | Thursday, 1 December 2022 | पृष्ठ : ८ | मूल्य रू. ५


### मधेश प्रदेश : सरकार बनाउन कसरत सुरु

# जनमत पार्टी 'किंग मेकर'को भूमिकामा




## मुख्यमन्त्रीमा दावी



जनकपुरधामलाई प्रदेशको राजधानी बनाउने भएपछि वीरगञ्जको विरोधबाट बच्न तत्कालीन समयमा जसपाका अध्यक्ष उपेन्द्र यादवले वीरगञ्जबाट लालबाबु राउतलाई मुख्यमन्त्री बनाएका थिए । राउत मुलुकमै सवैभन्दा बढि समयसम्म सरकार चलाउने मुख्यमन्त्री पनि बने ।

अहिलेको अवस्था भने केही फेरिएको छ । मुख्यमन्त्री बनाउनैका लागि कुनै खास ठाउँबाट प्रतिनिधित्व गराउनै पर्छ भन्ने बाध्यात्मक अवस्था अहिले छैन । कांग्रेस नेतृत्वको सरकार बने मुख्यमन्त्रीका लागि नेपाली कांग्रेसका मधेश प्रदेश सभापति श्रीकृष्ण यादव बलियो दाबेदारका रुपमा देखिएका छन् ।

दोस्रो नम्वरमा कांग्रेसकै मधेश प्रदेशका पुर्वभौतिक पुर्वाधारमन्त्री रामसरोज यादव पनि मुख्यमन्त्रीको दौडमा रहेका छन् । श्रीकृष्ण यादव रौतहटबासी हुन भने रामसरोज यादव धनुषाका हुन् । नेकपा एमाले


**बाँकी पृष्ठ २**



■ **प्रमोदकुमार साह**


जनकपुरधाम । मधेश प्रदेशमा प्रदेशसभाका लागि प्रत्यक्षतर्फको सम्पुर्ण नतिजा आइसकेको छ । प्रत्यक्षतर्फको नतिजा आएसँगै मधेश प्रदेशमा दुबै गठबन्धनमा आबद्ध दलहरुबीच सरकार बनाउने कसरत पनि सुरु भएको छ । कसको नेतृत्वमा सरकार बन्ला भन्ने विषयमा जनस्तरमा समेत चर्चा र खोजखवर सुरु भएको छ । मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ सबै क्षेत्रको अन्तिम नतिजा आउँदा कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेनन् ।

प्रत्यक्षतर्फको सबै क्षेत्रको नतिजा आउँदा सत्ता गठबन्धनमा आबद्ध दलहरुले २८ र एमाले नेतृत्वको गठबन्धनले २४ सिट जितेको छ । सत्ता गठबन्धनमा पाँच दल आबद्ध छन् । पाँच दलिय गठबन्धनका दलमध्ये नेपाली कांग्रेसले १३ सिट जितेको छ । यसैगरी सत्ता गठबन्धनमा आबद्ध लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले सात, नेकपा माओवादी केन्द्रले चार र नेकपा एकीकृत समाजवादीले प्रदेशसभामा चार सिट जितेका छन् । गठबन्धनमा आबद्ध नेपाली कांग्रेसले धनुषामा तीन, सर्लाहीमा तीन, रौतहटमा तीन, पर्सामा तीन र सप्तरीमा एक सिट जितेको छ ।

यसैगरी लोसपाले महोतरीमा तीन तथा पर्सा, सर्लाही, सिरहा र बारामा एक/एक सिट जितेको छ । माओवादी केन्द्रले महोतरी, सर्लाही, रौतहट र पर्सामा एक/एक सिट जितेको छ । एकीकृत समाजवादीले भने सप्तरी, सिरहा, सर्लाही र रौतहटमा एक/एक सिट जितेको हो । नेकपा एमाले-जनता समाजवादी पार्टी (जसपा) गठबन्धनमा एमाले एक्लैले १५ सिट जितेको छ । जसपाले नौ स्थानमा जित हासिल गरेको छ । एमालेले सिरहामा तीन, धनुषामा चार, बारामा चार र महोत्तरीमा दुई सिट जितेको छ । एमालेले रौतहट र सप्तरीमा पनि एक/एक सिट जितेको छ ।

जसपाले भने पर्सामा दुई, बारामा दुई तथा रौतहट, सर्लाही, सिरहा, धनुषा र महोत्तरीमा एक/एक सिट जितेको छ । यी दुई गठबन्धनबाहेक जनमत पार्टीले पनि ६ स्थानमा जित हासिल गरेको छ । स्वतन्त्र उम्मेदवारले समेत ६ स्थान जितेका छन् ।

जनमत पार्टीले सप्तरीमा चार र सिरहामा दुई सिट जितेको छ । स्वतन्त्र उम्मेदवारले भने पर्सा, बारा, महोतरी, रौतहट, सर्लाही र सप्तरीमा एक/एक सिट जितेका


**बाँकी पृष्ठ २**


### ■ निर्वाचन आयोगको निर्णय

# बाजुरा र स्याङ्जामा पुन: मतदान नगर्ने




■ **सौर्य समाचार**


काठमाडौं । निर्वाचन आयोगले स्याङ्जा क्षेत्र नम्बर २ र बाजुरामा पुन: मतदान नगर्ने निर्णय बुधबार गरेको छ । ति निर्वाचन क्षेत्रमा मंसिर ४ गते भएको निर्वाचनको मतगणना थाल्न पनि आयोगले निर्देशन दिएको छ ।

आयोगको बुधबार बसेको बैठकले बाजुरा र स्याङ्जा क्षेत्र नम्बर २ मा पुन: मतदान नगरी मतगणना अगाडि बढाउने निर्णय गरेको हो । 'बाजुरा र स्याङ्जा क्षेत्र नम्बर २ मा मतगणना गर्ने भनेर सर्वसम्मत निर्णय भएको छ,' निर्वाचन आयोगका आयुक्त ईश्वरीप्रसाद पौडेलले भनेका छन् ।

नेकपा एमालेले मंसिर ४ गतेको निर्वाचनका क्रममा स्याङ्जा क्षेत्र नम्बर २ र बाजुरामा धाँधली भएको दाबी गर्दै पुन: मतदानको माग गरेको थियो । त्यसपछि ति निर्वाचन क्षेत्रको मतगणना अगाडि बढ्न सकेको छैन ।

एमालेले स्याङ्जा क्षेत्र नम्बर २ का केही मतदान केन्द्रमा धाँधली भएको भन्दै पुन: मतदानको माग गर्दै मतगणना सुरु गर्न दिएको थिएन । नेपाली कांग्रेसले भने मतगणना सुरु गर्न माग गर्दै निर्वाचन अधिकृतको कार्यालय वालिङमा धर्ना दिएको थियो ।

स्याङ्जा क्षेत्र नम्बर २ को मतगणना सुरु गर्न माग गर्दै कांग्रेसका उम्मेदवारसमेत रहेका पार्टी उपसभापति धनराज गुरुङ, नेताहरु रामचन्द्र पौडेल र प्रदीप पौडेल निर्वाचन आयोग पुगेर अबिलम्ब मत गणना अगाडि बढाउन माग गरेका थिए । उक्त निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा सदस्यतर्फ सत्ता गठबन्धनबाट कांग्रेसका उपसभापति गुरुङ र एमालेको तर्फबाट सचिव पद्मा अर्याल प्रतिस्पर्धामा रहेका छन् ।

बाजुरामा पनि केही मतदान केन्द्रमा विवाद भएपछि मतगणना अगाडि बढ्न सकेको छैन । बुढीनन्दा नगरपालिकाका केही केन्द्रमा पुन: मतदान भइसक्दा पनि अन्य केन्द्रको


**बाँकी पृष्ठ २**


# एकीकृत समाजवादी 'थ्रेस होल्ड' कटाउन संघर्षरत


■ **सौर्य समाचार**


काठमाडौं । प्रतिनिधिसभा सदस्यको समानद्रपातिक प्रणालीतर्फ हालसम्म एक करोड १ लाख ७१ हजार २ सय ७३ मत गनिएको छ । निर्वाचन आयोगले बुधबार राति ९ बजे सार्वजनिक गरेको विवरण अनुसार, हालसम्म सात दलले तीन प्रतिशतको तगारो पार गरेका छन् ।

प्रणालीमा प्रविष्ट भएअनुसार समानुपातिकतर्फ नेकपा एमालेले आफ्नो अग्रता कायमै राखेको छ । हालसम्म एमालेले २७ लाख २० हजार ६ सय ३९ मत प्राप्त गरेको छ । नेपाली कांग्रेस २५ लाख ८५ हजार ९० मतसहित दोस्रो स्थानमा रहेको छ ।

नेकपा माओवादी केन्द्रले ११ लाख ५३ हजार ४ सय ४४, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख ४ हजार २ सय ४५, राष्ट्रिय प्रजातन्त्र पार्टीले ५ लाख ७९ हजार २ सय ७५, जनता समाजवादी पार्टी नेपालले ४ लाख ८ हजार ९ सय ६४ र जनमत पार्टीले ३ लाख ७६ हजार १ सय ९९ मत प्राप्त गरेका छन् । यसैगरी नेकपा एकीकृत

यस पटकको निर्वाचनमा कुल मतदाता १ करोड ७९ लाख ८ हजार ८ सय ५० रहेका थिए । आयोगको प्रारम्भिक विवरणमा ६१ प्रतिशत (एक करोड ९ लाख ७३ हजार २७) मत खसेकामा अब करिब आठ लाख मत गन्न बाँकी रहेको देखिन्छ ।

निर्वाचन आयोगको सूचना


**बाँकी पृष्ठ २**


## उदयपुर १ बाट खड्का विजयी



परराष्ट्रमन्त्री एवं कांग्रेस नेता नारायण खड्का उदयपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । नेकपा एमालेकी मञ्जुकुमारी चौधरीलाई २ हजार ३ सय ८९ मतान्तरले पराजित गर्दै खड्का प्रतिनिधिसभा सदस्यमा विजयी भएका हुन् । खड्काले ३१ हजार २ सय ७० मत प्राप्त गरे । उनका निकटतम प्रतिद्वन्द्वी चौधरीले भने २८ हजार ८ सय ९१ मत प्राप्त गरेकी छन् । खड्काले यसअघि ०७४ सालमा पनि मन्जुलाई नै हराएका थिए । १ लाख ३५ हजार ५ सय २५ मतदाता रहेको उक्त निर्वाचन क्षेत्रमा ७६ हजार ७ सय ५६ मत खसेको थियो । ४ हजार ९ सय ९६ मत भने बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

### ■ दुई महिना देखि सडक अवरुद्ध

# दैनिक उपभोग्य सामग्री लिन दुई दिन पैदल





**गमगढी नाक्चलाग्ना सडकको भड्डाँडी सडक खण्डमा पहिरोले सडक क्षतविक्षत भएको छ । त्यही क्षत विक्षत सडकमा जोखिम मोलेर आवतजावत गदै स्थानीय ।** ***तस्बिर : नन्दबहादुर रोकाया***


■ **नन्दबहादुर रोकाया**


मुगु । गत असोज १९ देखि २४ गतेसम्म अविरल रुपमा भएको वर्षाले गमगढी–नाक्चेलाग्ना सडक खण्डका बिभिन्न भागमा पहिरोले क्षत्ति पुऱ्याउँदा मुगुम कार्मारोङ गाँउपालिकामा रहेका सयौं योजना अलपत्र परेका छन् । सडक अवरुद्ध हुँदा यस क्षेत्रका सर्बसाधरण दैनिक उपभोग्य सामग्री लिन पनि दुई दिन पैदल हिड्नु पर्ने बाध्यता छ ।

अविरल वर्षाले मुगुम कार्मारोङ जोड्ने गमगढी–नाक्चेलाग्ना सडक खण्डअन्तर्गत विभिन्न भागमा पहिरोले क्षत्ति पुऱ्याएर जनजीवन अस्तब्यस्त बने पनि सडक बनाउनेतर्फ सम्बन्धित निकायको ध्यान गएको छैन । सडक डिभिजन कार्यालय जुम्लाले मर्मत नगरिदिँदा मुगु कार्मारोङ गाँउपालिमा संघीय, प्रदेश र पालिकाअन्तर्गतका सयौं योजना पनि अलपत्र परेका छन् । ब्यपारीहरुलाई सामान ढुवानीमा पनि निकै समस्या भएको छ । सडक अवरुद्ध भएका कारण सर्वसाधारण आफुलाई आवश्यक पर्ने दैनिक उपभोग्य सामग्री खरिद गर्न दुई दिन पैदल हिँडेर सदरमुकाम गमगढी धाउन बाध्य बनेका छन् । गमगढी–नाक्चेलाग्ना सडक खण्डअन्तर्गत सालिम गाड, सुनात र भडडाँडीमा पहिरोलो सडकलाई क्षत्ति पुऱ्याएको छ ।

यो सडक अबरुद्ध हुँदा मुगुम कार्मारोङ गाँउपलिका–६ रिउस बगरमा नेपाल पब्लिक कन्ट्रकसनले निमार्णले गर्न लागेको १५ शैयाको अस्पातालको काम पनि प्रभावित भएको छ । थोदुङ क्यारभान जेबीले निमार्णको जिम्मा पाएको गमगढी–नाक्चेलाग्ना सडकअर्न्तगत छायल माँग्री डाँडा सडकको काम पनि प्रभावित भएको छ । यसैगरी गाँउपालिका, प्रदेश सरकार र संघीय सरकारका साथी अन्य गैरसरकारी संस्थाद्धारा सञ्चालित योजनाहरु पनि प्रभावित भएका छन् । निमार्ण सामग्री ढुवानी हुन नसक्दा यी महत्वपूर्ण योजनाहरु अलपत्र परेका हुन् ।

सडक डिभिजन कार्यालयलाई अबरुद्ध सडक खुलाउन पटक/पटक जानकारी गराएको छ । तर, अहिलेसम्म उक्त सडक खुलाउन कार्यालयले कुनै चाँसो नदिएको गुनासो मुगम कार्मारोङ गाँउपालिका अध्यक्ष छिरिङ क्याप्ने लामाले गरे । 'अवरुद्ध सडक खुलाउन सम्बन्धित निकायलाई पटक/पटक आग्रह गर्दा पनि यसतर्फ कसैले ध्यान दिएको छैन । सयौं योजनाहरु अलपत्र परेका छन् । सर्वसाधरणले पनि जोखिम मोलेर दैनिक उपभोग्य सामग्री ल्याउन सदरमुकाम गमगढी पुग्नुपर्ने बाध्यता छ,' अध्यक्ष छिरिङ क्याप्ने लामाले भने । रिउस बगरममा निमार्णधिन १५ शैयाको अस्पातल निमार्ण सम्पन्न गर्ने समयसीमा दुई महिना मात्र बाँकी छ । यसैगरी गमगढी–नाक्चेलाग्न सडक खण्डअन्तर्गत छायाल माँग्री डाँडाको सडक निर्माण सम्पन्न गर्ने समयसीमा १५ दिन मात्र बाँकी छ ।

'अस्पातलम निर्माणकका लागि चाहिने सिमेन्ट र सरिया ढुवानी गर्न नसक्दा गमगढीमा रहेको गोदाममा सिमेन्ट बिग्रिसकेको छ । सडक निमार्णका लागि बलास्ट गर्न नेपाली सेनालाई लैजानु पर्छ तर, सेनालाई उक्त स्थानसम्म लैजन बाटोको अवस्था सहज छैन । अन्य मेसिन प्रयोग गर्नु पर्ने हुँदा डिजेल/पेट्रोल ढुवानी हुन सकेको छैन । अबरुद्ध सडक नखुलाएकै कारणले निर्माणमा ढिलाई भएको हो,' थोदुङ क्याराभान जेबीका ठेकेदार कार्मा नोंबेल तामाङले भने । सडक सञ्चालन हुँदा गमगढीबाट छाँयालसम्म टयाक्टरमा प्रतिकेजी चार रुपैयाँका दरले ब्यपारीले सामन ढुवानी गरेका थिए । अहिले प्रतिकेजी ३० देखि ४० रुपैयाँमा खच्चडमार्फत सामन ढुवानी गर्दा सर्वसाधरण मारमा परेका हुन् । 'खच्चडमा ल्याएको सामग्री दुई दिनमै सकिन्छ ।

ग्राहकलाई भनेजति दैनिक उपभोग्य सामग्री पुऱ्याउन सकेका छैनौ । महँगो मानेर ग्राहक दुई दिन पैदल लगाएर भए पनि गमगढीबाटै आफुलाई चाहिने सामग्री लिन जान्छन्,' स्थानीय ब्यपारी रत्न बुढाले भने । गमगढी छायलसम्म १७ किलोमिटर सडक सञ्चालन हुँदा सबैभन्दा बढी बिरामी र


**बाँकी पृष्ठ २**

## बाजुरा...

विषयमा दलहरुबीच विवाद हुँदा मतगणना सुरु हुन नसकेको हो । बाजुरामा प्रतिनिधिसभातर्फ नेपाली कांग्रेसका बद्री पाण्डे र नेकपा एमालेका कर्ण थापा उम्मेदवार बनेका छन् । स्याङ्जा क्षेत्र नम्बर २, बाजुरा र दोलखामा मंसिर ४ गतेको निर्वाचनका क्रममा विवाद उत्पन्न भएपछि त्यसको अध्ययन गर्न आयोगले सहसचिवहरु तुलसीप्रसाद श्रेष्ठ, फणिन्द्र गौतम र यज्ञप्रसाद भट्टराईको नेतृत्वमा छुट्टाछुट्टै टोली पठाएको थियो । यसैबीच, बाजुरामा झडपका कारण रोकिएको मतगणना सुरु गर्न निर्वाचन आयोगले निर्देशन दिएपनि मतगणना अझै सुरु हुन सकेको छैन । आयोगले मतगणना सुरु गर्न निर्देशन दिएपछि बोलाइएको सर्वदलिय बैठकमा एमाले अनुपस्थित भएको छ । सोही कारणले मतगणना कार्य अन्यौलमा परेको छ ।

बुधबार अपराह्न मुख्य निर्वाचन अधिकृतको कार्यालयले बोलाएको सर्वदलीय बैठकमा नेकपा एमालेका प्रतिनिधि अनुपस्थित भएका हुन् । एमाले बाहेक सबै दलका प्रतिनिधि सर्वदलीय बैठकमा सहभागी भएका थिए । तर, एमालेका प्रतिनिधि नआएकाले मतगणना सुरु गर्ने सम्बन्धमा तत्काल निर्णय हुन नसकेको जानकारी नेपाली कांग्रेसका जिल्ला उपसभापति पदमबहादुर बडुवालले दिए ।

एमाले बैठकमै नआएपछि फेरि बिहीबार बिहान ७ बजे सर्वदलिय बैठब बस्ने गरी बैठक सकिएको उनले बताए । एमालेले भने चेतन अयडीको हत्यामा संलग्नहरूलाई पक्राउ गर्नंपर्ने र आन्दोलनका क्रममा पक्राउ गरिएकालाई बिना सर्त रिहाइ हुनुपर्ने माग राख्दै आएको छ ।

## दैनिक...



बृद्धबद्धालाई सहज थियो । घरमा चाहिने सबै सामग्री छायल बजारमै पाइन्थ्यो । अहिले सडक अबरुद्ध हुँदा गाडीमा यातायात गर्न पाइएको छैन । उक्त सडकमा जोखिम मोलेर आवत जावत गर्नुपर्ने अवस्था छ । 'जोखिम मोलेर दैनिक उपभोग्य सामग्री लिन गमगढी पुग्नु परेको छ । अबरुद्ध सडक कहिले खुल्ने हो थाहा छैन,' मुगुम कार्माराङ गाँउपालिका–८ का कार्मा कामी भन्छन् ।

गत असोजको पहिरोले सडक क्षतविक्षत बनेपछि नागरिकको बिच्चली भएको र दैनिक उपभोग्य सामानादेखि औषधि उपचार गर्नसम्म सदरमुकाम आवतजावतमा सास्ती खेप्नु परेको स्थानीय प्रेमा तार्ची लामाले बताए । पहिरोले गमगढी–नाक्चेलाग्ना सडक खण्डअन्तर्गत बिभिन्न भागमा क्षत्ति पुर्याउँदा सडक अबरुद्ध भएको र यि भागममा पुन मर्मत सम्भार गर्नका लागि कोटेशसन निकालेर काम गर्नुपर्ने भएकाले केही समय लाग्ने जानकारी सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख राजीव श्रेष्ठले दिए ।

## एकीकृत...

समाजवादीले २ लाख ९० हजार १ सय ९६ मत प्राप्त गरेको छ । एकीकृत समाजवादीले हाल पाएको मत कुल गणना भएको सदर मतको २.८५ प्रतिशत हो । एकीकृत समाजवादीले अब ३ लाख मत कटाउन १० हजार र थ्रेस होल्ड कटाउन २० हजार मत ल्याउनुपर्ने देखिन्छ ।

बाजुरा, स्याङ्दा र दोलखाको मतगणना भने सुरु नै भएको छैन । अहिलेको स्थितिमा एकीकृत समाजवादीले थ्रेस होल्ड कटाउने सम्भावना कायमै रहेको देखिन्छ । एकीकृत समाजवादीका अतिरिक्त नागरिक उन्मुक्ति पार्टीले मात्र दुई लाख मत कटाएको छ । नागरिक उन्मुक्तिले हालसम्म २ लाख ६८ हजार ४ सय ३६ मत पाएको छ ।

## मुख्यमन्त्रीमा...

नेतृत्वमा सरकार बनेमा भने एमालेका केन्द्रिय नेता रामचन्द्र मण्डलको नाम अग्रपंतीमा रहेको छ । नेकपा माओवादी परित्याग गरेर एमाले छिरेका मण्डल धनुषाका हुन् ।

मधेस प्रदेशको चुनावी नतिजा हेर्दा सरकार निर्माणका लागि जनमत पार्टी नै निर्णायक बनेको देखिन्छ । तर, डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि प्रदेश सरकारमा सहभागी हुन मुख्यमन्त्री पदमा दाबी गरेको छ । जनमत पार्टीकाका केन्द्रीय सदस्य विपी साहले एमाले वा कांग्रेसमध्ये जनमतको नेतृत्व स्वीकार गर्ने पार्टीसँग गठबन्धन गर्ने पार्टीको अडान रहेको बताए ।

'जनमत पार्टी एक्लै चुनाव लडेकाले जनताले दिएको अभिमतको आधारमा मधेशको सवैभन्दा ठुलो पार्टी पनि जनमत नै हो । जनतमले नै सरकारकाको नेतृत्व गर्नुपर्छ,' उनले भनेका छन् । सरकार बनाउन एमालेले पनि अन्य दलहरूसँग छलफल थालेको छ । प्राप्त जानकारी अनुसार, सरकार निर्माणका लागि एमालेले जनमत पार्टीसँग औपचारिक संवादको तयारी पनि सुरु गरिसकेको छ ।

## जनमत...

जितेका छन् । समानुपातिकतर्फ हालसम्म ३ लाख ६५ हजार ७ सय ७३ मतसहित कांग्रेस पहिलो स्थानमा छ । यसैगरी ३ लाख ३२ हजार ६ सय ५५ मतसहित एमाले दोस्रो स्थानमा छ । तेस्रो स्थानमा रहेको जनमत पार्टीले २ लाख ६९ हजार ९५, जसपाले २ लाख ६३ हजार ३ सय ८५, माओवादीले १ लाख ६८ हजार ८ सय, एकीकृत समाजवादीले १ लाख ३ हजार ३ सय ८५ र लोसपाले ९६ हजार ६ सय ६९ मत प्राप्त गरेका छन् ।

अघिल्लो निर्वाचनमा मधेश प्रदेशसभामा प्रत्यक्षतर्फ जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पाटले क्रमशः १९ र १५ गरि कुल ३४ सिट जितेका थिए । १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा समानुपातिकसहित जसपाको २९ र लोसपाको २५ गरेर स्पष्ट बहुमत थियो । यसअघिको निर्वाचनमा एमालेको २१, कांग्रेसको १९, माओवादी केन्द्रको ११ र संघीय समाजवादी पार्टीको एक सिट जोड्दा पनि सरकार बन्ने अवस्था थिएन । अहिले भने यी दुवै गठबन्धनले स्पष्ट बहुमत नल्याएपछि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारको भर पर्नंपर्ने देखिएको छ ।

मधेश प्रदेशमा सरकार वनाउन दुवै गठवन्धनले दावी गरे पनि मतपरिणाम अनुसार, नेकपा एमाले नेतृत्वको गठवन्धन नै अगाडि देखिएको छ । एमाले गठवन्धनमा जसपा सामेल रहे पनि दुई दलमात्रै मिलेर सरकार वनाउन मुश्लिक देखिएको छ ।

एमालेलाई मधेश प्रदेशमा सरकार वनाउनका लागि जनमत पार्टीको सहारा लिनुपर्ने आवश्यक्ता देखिएको छ । प्रत्यक्षतर्फ एमालेले १५ स्थान जितेको र समानुपातिकबाट ८ सिट पाउने भएको छ । जसपाले प्रत्यक्षमा ९ र समानुपातिकबाट ६ सिट प्राप्त गर्ने सम्भावना छ ।

जनमत पार्टीको प्रत्यक्षमा ६ र समानुपातिकमा ७ सिट आउने सम्भावना छ । एमालेको २४, जसपाको १५ र जनमतको १३ गरी उक्त गठबन्धनमा कुल ५२ सभासद हुने देखिएको छ । समानुपातिकतर्फ दुई वटा स्वतन्त्रलाई राखे सरकार बनाउन चाहिने ५३ सिट पुग्ने निश्चित छ । यस्तो अवस्थामा मधेश प्रदेशमा नेकपा एमाले नेतृत्वको सरकारको बलियो सम्भावना देखिएको छ ।

अर्कोतिर, सत्तारुढ पाँच दलिय गठबन्धनतर्फ कांग्रेसले प्रत्यक्षमा १३ र समानुपातिकमा ९ सिट पाउने देखिन्छ । प्रत्यक्षतर्फ चार सिट जितेको माओवादी केन्द्रले समानुपातिकमा चार सिट पाउने देखिन्छ । प्रत्यक्षमा सात सिट जितेको लोसपाले समानुपातिकमा दुई सिट पाउने सम्भावना छ ।

प्रत्यक्षमा चार सिट जितेको एकीकृत समाजवादीले भने समानुपातिकमा तीन सिट पाउने सम्भावना देखिएको छ । यसरी हिसाव गर्दा कांग्रेसको २२, माओवादीको ८, लोसपाको ९ र एकीकृत समाजवादीको ७ सिट मिलाएर ४६ सिट हुन्छ । यस्तो स्थितिमा सत्ता गठबन्धन दलहरुलाई पनि सरकार वनाउन जनमत पार्टी वा स्वतन्त्रको सहारा आवश्यक पर्ने देखिन्छ ।

सत्तारुढ गठबन्धनकै सरकार बन्नेमा ढुक्क देखिएका नेपाली कांग्रेसका नेता एवं निवर्तमान भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले सरकार गठन सम्बन्धमा दलहरुबीच छलफल सुरु भएको बताए । कांग्रेसले सरकारको नेतृत्व गरे मुख्यमन्त्रीका दावेदार रहेका यादवले अर्को चुनाव नलड्ने घोषणा गरिसकेका छन् ।

मधेश प्रदेशमा सरकार बनाउन छलफल सुरु भए पनि नेताहरुले केन्द्रमा हुने गठबन्धनकै आधारमा प्रदेशमा सरकार बन्ने बताएका छन् । एमालेकी सभासद शारदा थापाले सरकार बनाउन अहिले छलफल नचलाइएको बताइन् ।

'समानुपातिकतर्फको सबै परिणाम आएपछि पार्टीको केन्द्रीय निर्देशनअनुसार, सरकारका लागि प्रदेशमा पहल गरिनेछ,' उनले भनिन्, 'प्रदेशमा सबैभन्दा ठुलो दल रहेकाले एमालेकै नेतृत्वमा सरकार गठन हुनु स्वभाविक हो ।' कांग्रेस र एमालेले सरकारको नेतृत्व गर्ने दाबी गरिरहे पनि सरकार गठनका लागि गणितीय संख्या ५४ कसरी पुर्याउने भन्ने चुनौति छ ।

मधेश आन्दोलनपछि उदाएका मधेशवादी दललाई मधेशी जनताले पत्याएर सरकार वनाउने अभिमत दिएपनि मधेशवादी दलको कुर्सी लिप्तताका कारण जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी विलुप्त हुने अवस्थामा पुगेका छन् ।

अघिल्लो पटक जनता समाजवादी पार्टी र लोकतानित्रक समाजवादी पार्टीले सरकार चलाए पनि केन्द्रमा मन्त्री पद पाउनैका लागि दुवै दलबीच द्वन्द्व सृजना भएको थियो । यसले जनतामा नकारात्मक असर परेको थियो । जसपाका अध्यक्ष उपेन्द्र यादव हुन् वा लोसपाका अध्यक्ष महन्थ ठाकुर, दुवैले आ– आफ्नै घमण्डका कारण यस पटक निर्वाचनमा भारी हार ब्यहोर्नु परेको छ । हुनतः निर्वाचनअघि डा. सीके राउत नेतृत्वको जनमत पार्टीले चुनावमा महागठवन्धन बनाएर मधेश कब्जा गर्नका लागि जसपा र लोसपाका अध्यसँग प्रत्यक्ष भेटघाट पनि गरेका थिए । तर, जनमतलाई सानो पार्टी सम्झेर जसपा र लोसपाले गठवन्धन बनाउनबाट अस्विकार गरेका थिए । त्यस्को परिणाम अहिले आएर सरकारमा जानका लागि कांग्रेस र एमालेको मुख ताक्नुवाहेक अरु कुनै विकल्प रहेको छैन, यी दुवै दलसँग ।

# मंसिर २७ गतेसम्म मेलम्चीको पानी काठमाडौंमा

■ सौर्य समाचार

सिन्धुपाल्चोक । खानेपानीमन्त्री उमाकान्त चौधरीले मंसिर २७ गतेसम्ममा मेलम्चीको पानी वितरण गरिने बताएका छन् । मेलम्ची खानेपानी आयोजनाको कार्यप्रगती बुझ्न बुधबार मुहानस्थल अम्बाथान पुगेका मन्त्री चौधरीले २७ गतेभित्र काठमाडौंमा पानी वितरण सुरु गरिने बताए ।

गत जेठ दोस्रो सातादेखि बन्द गरिएको मेलम्चीमा गएको सोमबारदेखि सुरुङमा पानी हाल्न थालिएको छ । पानी सुरुङमा हालेको करिब १० देखि १२ दिनपछि काठमाडौं पुग्ने मेलम्ची खानेपानी आयोजनाका साइड डिभिजनल इन्जिनीयर पदमबहादुर कुँवरले जानकारी दिए । मेलम्ची खानेपानीको हेडबक्स बाँधस्थल हेलम्बु पुगेर मन्त्री चौधरीले अब दिर्घकालीन रुपमै पानी पथान्तरणका लागि कार्ययोजना बनाइएको जानकारी दिए ।

उनले विभिन्न अध्ययन र प्रतिवेदनअनुसार सरकारले काम सुरु गर्ने बताए । सुरुङको १ नम्बर गेटको अवलोकन गर्दै मन्त्री चौधरीले समयमै ढोका बन्द गरेका कारण क्षति नभएको बताए । उनले थप क्षति नहोस् भनेर अपनाइएको सावधानीका कारण अहिले छिट्टै मेलम्चीको पानी पुनः सुरुङमा हाल्न सफल भएकामा खुसी पनि व्यक्त गरे ।

निरीक्षणका क्रममा खानेपानी सचिव मणिराम गेलालले योजनाअनुसार नै काम भइरहेकाले समयमै अर्थात् मंसिर २७ गतेभित्रै मेलम्चीको पानी वितरण गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताए । उनले माथिको जलाधार संरक्षण र बाढीपहिरो नियन्त्रणका लागि कार्ययोजना बनाएर स्थायी रूपमा नै समस्या समाधान गरिने जनाउँदै त्यसका लागि पनि काम सुरु भइरहेको बताए ।

अहिलेसम्म सुरुङ निर्माण र अन्य संरचना निर्माण गरेर ३४ अर्ब रुपैयाँ खर्च गरेको सरकारले अब करिब ३१ करोड रुपैयाँ खर्च गर्ने हो भने बाह्रैमहिना पानी लैजान सकिने सचिव गेलालले बताए ।

निरीक्षणका क्रममा आयोजनाका कार्यकारी निर्देशक कमलराज श्रेष्ठले स्थानीयको समस्या समाधान गरेर पानी लैजाने विषयमा आयोजना सकारात्मक रहेको बताए । उनले हेलम्बु गाउँपालिकालगायत स्थानीय तहले राखेका माग र यहाँका समस्या समाधानका लागि आयोजनाले काम गरिरहेको जानकारी दिए ।

निर्देशक श्रेष्ठले बाढीले क्षति पुर्याएका संरचना पुनःनिर्माण, यहाँका सडक स्तरोन्नति लगायतका समस्या समधान गर्न स्थानीय प्रभावित र सरोकारवालासँग निरन्तर छलफल र परामर्श भइरहेको पनि बताए ।


## सिद्धिचरण नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### ओखलढुङ्गा

**स्टेशनरी खरिद सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हान सम्वन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९/०८/१५)

यस कार्यलयको लागि तपसिल बमोजिमको मालसामान विद्युतीय दरभाउपत्र (E-Bid) को माध्यमबाट खरिद गराउनुपर्ने भएको हुँदा तपसिलमा उल्लेखित कार्यको लागि ईच्छुक इजाजत प्राप्त सप्लायर्सहरुबाट रीतपूर्वकको दरभाउपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np मा हेर्न समेत सुचित गरिन्छ साथै कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

तपसिल

| ठेक्का नं | विवरण | लागत अनुमान (मु.ब.क.सहित) | बोलपत्र/ दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Goods/09/079/80 | स्टेशनरी खरिद | १९,९९,९०२/२५ | १,०००/- | ५०,०००/- | २०७९/०९/०१ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Prasauni Rural Municipality
### Office of The Rural Municipal Executive
### Prasauni, Bara,
### Madhesh Pradesh, Nepal

**Invitation for Bids No: PRM/NCB/W/2079/080/01**

# Invitation for Bids

**Date of publication: 1st December 2022**

1. *Prasauni Rural Municipality* invites electronic bids from eligible bidders for the *Construction of Humepipe Sewer Line* under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 3,29,00,000.00***
   - Minimum Work experience of similar size and nature: ***1 Construction contract with value of NRs. 1,32,00,000.00 with M15 concrete of 240 cum***
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Prasauni Rural Municipality, Bara*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding of ***NRs 5,000.00*** document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank: Himalayan Bank Ltd., Prasauni, Bara**
   **Name of Office : Prasauni Rural Municipality, Bara**
   **Account Name: GA-1.1 Aantarik Rajaswa Khata Prasauni**
   **Office Account no.: 05307682940019**
5. Pre-bid meeting shall be held at ***Prasauni Rural Municipality, Bara*** at ***14:00 hours on 20th December 2022.***
6. Electronic bids must be submitted to the office ***Prasauni Rural Municipality, Bara*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 hours*** on ***2nd January 2023.***
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at at the office of ***Prasauni Rural Municipality, Bara on 2nd January 2023 at 14:00 hours.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **NRs. 5,75,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# यसरी हुन्छ नयाँ सरकार गठन र संसद् सञ्चालन



■ सौर्य समाचार

काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ । निर्वाचन परिणामसँगै नयाँ सरकार गठन र संसद् सञ्चालनको चर्चा सुरु भएको छ । निर्वाचन आयोगका अनुसार हालसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १ सय ६५ मध्ये १ सय ६१ स्थानको नतिजा आइसकेको छ । प्राप्त मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले ५४ स्थानमा जित हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ। यस्तै नेकपा (एमाले) ले ४४, नेकपा (माओवादी केन्द्र) ले १७, नेकपा (एकीकृत समाजावदी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन् । निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नगारिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक/एक स्थान तथा स्वतन्त्र पाँच जनाले प्रत्यक्षतर्फ जित हासिल गरेका छन् ।

यसैगरी प्रतिनिधिसभाको समानुपातिकतर्फ बुधबार दिउँसोसम्म १ करोड ४२ हजार पाँच सय १४ सदर मतमध्ये एमालेले २७ लाख ९ सय ४, कांग्रेसले २५ लाख ५९ हजार ४२, माओवादी केन्द्रले ११ लाख ४५ हजार ३ सय ९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार ६ सय ४७, राप्रपाले ५ लाख ७१ हजार १ सय ६९, जसपाले ३ लाख ९६ हजार ८ सय ३९, जनमत पार्टीले ३ लाख ६० हजार ६ सय ६९ र एकीकृत समाजवादीले २ लाख ८२ हजार ८ सय ८९ मत प्राप्त गरेका छन् । संघीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा १ सय ६५ सांसद प्रत्यक्ष र १ सय १० सांसद् समानुपातिक प्रणालीबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभा २ सय ७५ सदस्यीय हुनेछ भने संघीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्यीय हुने संविधानमा उल्लेख छ । निर्वाचन आयोगले यसअघि यही मंसिर २२ गतेसम्म निर्वाचनको अन्तिम मतपरिणाम आइसक्ने र त्यसको सम्पूर्ण विवरण राष्ट्रपतिलाई बुझाउने समय निर्धारण गरेको थियो । बाजुरा, स्याङ्जा र दोलखामा निर्वाचन एवं मतगणनामा भएको ढिलाइले अन्तिम मतपरिणाम निर्धारित समयमै आउनेमा आशंका छ ।

निर्वाचनको मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा दलहरूले नयाँ सरकार गठनका लागि प्रयास थालेका छन् भने संघीय संसद् सचिवालयले पनि नयाँ संसद् सञ्चालनका लागि आवश्यक तयारी थालेको छ । यसैबीच, प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भेट गरी पाँचदलीय सत्ता गठबन्धनकै नयाँ सरकार बनाउने सम्बन्धमा आपसी छलफल सुरु गरेका छन् ।

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ । प्रतिनिधिसभाका प्रत्यक्ष १ सय ६५ र समानुपातिक १ सय १० सिटको हालसम्मको मतपरिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ । प्रतिनिधिसभाको कुल २ सय ७५ सिटमध्ये बहुमत पु¥याउन १ सय ३८ सिट ल्याउनुपर्छ ।सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ ।त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ । त्यस्तै उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने संविधानको व्यवस्था छ ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ ।संविधानको ९३ मा राष्ट्रपतिले प्रतिनिधिसभाका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ । निर्वाचनको अन्तिम मतपरिणाम प्राप्त हुने समय नजिकिएसँगै संघीय संसद् सचिवालयले संसद् बैठक सञ्चालनका लागि आवश्यक तयारी प्रारम्भ गरेको छ ।

प्रतिनिधिसभा निर्वाचनको अन्तिम मतपरिणाम आएसँगै दलहरूले नयाँ सरकार गठनको पहल गर्ने र नयाँ सरकार गठनपछि उक्त सरकारले संसद् बैठकको अधिवेशन आह्वान गर्नेछ । संसद् बैठक बस्नु अगावै प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये ज्येष्ठ सांसदले राष्ट्रपतिबाट शपथ लिनुहुने संसद् सचिवालयका महासचिव डा.भरतराज गौतमले जानकारी दिए । ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराएपछि संसद् बैठक प्रारम्भ हुनेछ । निर्वाचनपछिको पहिलो संसद् बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्नुहुनेछ । संविधानको धारा ९५ को उपधारा (२) मा राष्ट्रिपतिले प्रतिनिधिसभाको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ ।

प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ । सभामुख र उपसभामुखमध्ये एकजना महिला हुने गरी निर्वाचन गर्नुपर्ने तथा सभामुख र उपसभामुख फरक दलबाट प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ। यसअघि सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद्को नयाँ भवनमा नयाँ संसद् बैठक बस्ने भनिए पनि निर्धारित समयमै निर्माण सम्पन्न नहुँदा अबको संसद् बैठक हालको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नै बस्नेछ । उक्त नयाँ भवन सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ ।

प्रतिनिधिसभाको यस निर्वाचनबाट दलहरू र स्वतन्त्र सांसदको संख्या बढ्ने देखिएपछि त्यसको व्यवस्थापनको तयारीमा सचिवालय जुटेको छ । थपिने दलहरू र सांसदका लागि सिंहदरबार परिसरमै संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष र बैठककक्ष, सवारी साधन र कर्मचारीलगायत आवश्यक व्यवस्थापनको तयारी थालिसकिएको सचिवालयका प्रवक्ता डा.रोजनाथ पाण्डेले जानकारी दिए । उनले भने, 'निर्वाचनबाट आउने दल र सांसदका लागि संसदीय दलको कार्यालयलगायत व्यवस्थापन गर्नुपर्ने भयो, सिंहदरबारभित्र उपयुक्त स्थानमा कार्यालय उपलब्ध गराउने गरी तयारी थालेका छौं ।' ०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पाँच वटा राष्ट्रिय दल बनेका थिए भने एमालेबाट विभाजन भएको एकीकृत समाजवादीलाई पनि सचिवालयले दलको कार्यालय उपलब्ध गराएको थियो । यसबाहेक दुई वा दुईभन्दा बढी सांसद भएका दललाई सचिवालयले संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष, बैठक कक्ष उपलब्ध गराउनुपर्नेछ । यस निर्वाचनबाट प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व भएको छ भने पाँच स्वतन्त्र सांसद निर्वाचित भएका छन् ।


# लेकबेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कल्याण, सुर्खेत
### कर्णाली प्रदेश, नेपाल

## औषधी आपूर्ति सम्वन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७९/०८/१५ गते)

यस कार्यालयको आ.व. ०७९/०८० को लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यम वाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विकेता तथा ब्यवसायीहरुले रितपुर्वकको बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरीद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी बोलपत्र फाराम दस्तुर वापत Prime Commercial Bank, लेकवेशी शाखा, सुर्खेतमा रहेको यस कार्यालयको संचित कोष खाता नं. ०६१००४७४**CA**, खातावालाको नाम GA.1.1 ANTARIK RAJASWA A/C मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन मिति: २०७९/०८/२८ गतेसम्म दिनको ५ बजे सम्म बोलपत्र फाराम download गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।
२. बोलपत्र फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको अंकको धरौटी रकम यस कार्यालयको धरौटी हि.नं.०६१००४८३CA खातावालाको नाम: GA.3 DHARAUTI A/C मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन २०७९/०८/२९ दिनको १२.०० बजे भित्र विद्युतिय माध्यमबाट (electronically मात्र) दर्ता गर्न सकिने छ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २०७९/०८/२९ दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११ बजे खोलिने छ ।
६. औषधी खरिद गर्दा WHO GMP certified company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ ।
७. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
८ खरिद हुने औषधीको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म manufactring Date of Expiry Date कम्तीमा १८ महिना बाकी हुनुपर्नेछ । उत्पादन मिति बाट १८ महिना भन्दा घटी म्याद भएका औषधीहरु बुझिलिने छैन ।
९. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी ब्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authority प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
१०. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।
११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखीत औषधीको परिमाणमा थप घट गर्न सकिने छ ।
१२. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।
१३. यन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ वा खरिद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।
१४. सिलवन्दी दरभाउपत्रमा उल्लेखित आईटम वाईज औषधीको कवुल गरेको दररेट अनुसार परिमाण निर्धारणको सम्पुर्ण अधिकार यस कार्यालयको निहितमा रहनेछ ।

### तपसिल

| सि.नं | सूचना नं/ठेक्का नं. | ठेक्काको नाम | जम्मा रकम | दरभाउपत्र जमानत रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १ | NCB/GOODS /SQ/01/079-80 | Procurement of Medicine | ३१९३१८७.६० | ८०००० | १००० |

प्रमुख प्रशासकीय अधिकृत


# जितसँगै खुसी बाड्न गाउँगाउँमा विजेता

■ एसके विश्वकर्मा

बाँके । बाँके १ (ख) बाट लुम्बिनी प्रदेश सदस्यको टिकट दिएपछि दुर्गाप्रसाद चौधरीले कोहलपुर-१५ बाट चुनावी प्रचार प्रसार अभियान सुरु गरेका थिए । नेकपा एमालेका लुम्बिनी प्रदेश उप-सचिवसमेत रहेका चौधरीको चुनावी अभियान १ सय १६ वर्षीय वयोबृद्धा महिलाको हातबाट आशीर्वाद थापेर सुरुआत भएको थियो । उक्त अवसरमा ती महिलाले भनेकी थिइन्, ' बाबु जितेर देखाउनु, मेरोतर्फबाट शुभकामना ।'

संयोग भनौं, चौधरी लुम्बिनी प्रदेश सभा सदस्यमा विजयी भए । नेकपा माओवादी केन्द्रको पृष्ठभूमिका चौधरीले नेकपा एमालेको उम्मेद्वारका रूपमा लोकतान्त्रिक बाम गठबन्धनका उम्मेद्वार नेपाली कांग्रेसका फुलाराम थारूलाई पराजित गरे । नेपाली कांग्रेसका थारूलाई ८ सय ७७ मतको अन्तरले पराजित गरेका हुन् । नवनिर्वाचित दुर्गाले १५ हजार ६ सय ५७ मत प्राप्त गरका छन् । निकटतम प्रतिस्पर्धी फुलारामले १४ हजार ७ सय ८० मत ल्याएका छन् । ऐतिहासिक जितपछि पहिलोपटक उनी उनै १ सस १६ वर्षीय वृद्धाको घरमा गए । उम्मेदवारका रूपमा आशीर्वाद लिन पुगेका उनी निर्वाचित भएपछि सांसदको रूपमा त्यहाँ पुगेका छन् ।

फलफूल र पोष्टिक तत्व कोसेली लिएर गएका उनले त्यहीबाट अर्को अभियानको सुरु गरे । त्यो अभियानको नाम हो, 'मतदाता भेटघाट तथा धन्दवाद कार्यक्रम ।' शनिबारदेखि दैनिक चौधरी उम्मेदवारका रूपमा जसरी भोट माग्न जनताका घरदैलोमा भएका थिए, अहिले पनि निर्वाचित सांसदको रूपमा मतदाताहरूलाई धन्यवाद दिइरहेका छन् ।

उनी मात्रै होइन बाँके १ बाट प्रतिनिधिसभामा निर्वाचित भएका नवनिर्वाचित प्रतिनिधिसभा सदस्य सूर्य ढकाल पनि मतदाताहरूको घरदैलोमै छन् । चौधरी र ढकालले संयुक्त रूपमा कार्यक्रमको आयोजना गरेरै घरघरमा पुगेर आफूहरूलाई निर्वाचित गराउने मतदाताहरूलाई धन्यवाद ज्ञापन गरिरहेका छन् । नेकपा एमालेका बाँके जिल्ला इन्चार्जसमेत रहेका ढकाल निर्वाचित भएलगत्तै नरैनापुर गाउँपालिका पुगेर फर्किइसकेका छन् ।

अहिले दुवै जना कोहलपुर नगरपालिकाका विभिन्न वडामा कार्यक्रमको सेड्युल नै बनाएर मतदाताहरूलाई भेटघाट गरिरहेका छन् । सोमबार मात्रै कोहलपुरका नौ वटा वडामा पुगे । यस्तै आज पनि थप सात वटा वडामा पुग्ने कार्यक्रम रहेको ढकालले बताए । उनका अनुसार बाँके क्षेत्र नम्बर १ अन्तर्गत पर्ने तीन वटै पालिकामा पुग्ने कार्यक्रम रहेको छ । ' हामी मतदातालाई धन्यावाद दिइरहेका छौं । उहाँहरूसँग खुसी साटिरहेका छौ । यतिमात्रै होइन जनप्रतिनिधिका रुपमा हामीले गर्नुपर्ने कामका विषयमा सुझाव समेत मागिरहेका छौं । अबको पाँच वर्ष हामी मतदाताहरूको अपेक्षा र सुझावका आधारमा मात्रै काम गर्नेछौं,' नवनिर्वाचित प्रतिनिधि सभा सदस्य ढकालले भने । यस्तै बाँके १ (क) बाट लुम्बिनी प्रदेश सदस्यमा निर्वाचित नेकपा (माओवादी केन्द्र)की नेता तथा सांसद कृष्णा केसी नमुना पनि मतदाताहरूको घरदैलोमा गएर विजयको खुसी साटिरहेकी छन्। यही क्षेत्रबाट लगातार दोस्रोपटक निर्वाचित भएकी उनी 'मतदाता भेटघाट तथा धन्दवाद कार्यक्रम ' मै व्यस्त छिन् । नमुना ०७४ सालमा पनि बाँके १ (क) बाट निर्वाचित भएकी थिइन् । ०७४ मा निर्वाचन जितेका र फेरि चुनाव लडेका मध्ये फेरि निर्वाचित हुने एकमात्र नेता हुन् । यस्तै तीन प्रतिनिधिसभा र ६ प्रदेशसभामा निर्वाचित हुने एकमात्र महिला हुन्, नमुना । उनले जनताले भारी मतका लागि फेरि विजय गराएका छन् । उनीहरूको मतको उच्च कदर गर्दै अहिले मतदाताहरूलाई भेटेर धन्यावाद ज्ञापन गर्ने काम भइरहेको छ । उनका अनुसार नरैनापुर गाउँपालिकामा गएर मतदाताहरूकासँग शुभकामना आदान प्रदान गर्ने कार्यक्रम सकिसकेको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# नेपाली कांग्रेसमा किचलोको संकेत

मंगलबार झापाबाट काठमाडौं विमानस्थल उत्रेका नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा सिधै अर्का महामन्त्री गगन थापाको घरमा पुगे । उपस्थित मिडियाकर्मीसँग महामन्त्री शर्माले भने, 'मैले चुनावअघि नै अबको प्रधानमन्त्री गगन थापा भनेको हुँ, आज पनि उहाँलाई संसदीयदलको नेताका लागि उम्मेद्वारी दिन आग्रह गरेँ, तपाईं उम्मेद्वार नहुने हो भने म उम्मेद्वार हुन्छु भनेँ ।' त्यसो त आमनिर्वाचनका क्रममा प्रतिनिधिसभा सदस्यका लागि भोट माग्दा नै कांग्रेस महामन्त्री थापाले प्रधानमन्त्रीको उम्मेद्वार हुने घोषणा गरिसकेका थिए । त्यसैगरी आफूलाई भावी प्रधानमन्त्री भन्दै प्रतिनिधिसभा सदस्यका लागि भोट मागेका वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि चुनाव जिते लगत्तै काठमाडौं आएर सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायतका नेताहरूसँग निवासमै पुगेर भेटवार्ता गरिसकेका छन् । अर्का नेता प्रकाशमान सिंहले पनि प्रधानमन्त्रीको उम्मेद्वार हुन्छु भन्दै भेटवार्ता अघि बढाएका छन् । कोइराला परिवारका नेताद्वय डा.शशांक कोइराला र डा.शेखर कोइरालाले पनि प्रधानमन्त्री बन्ने इच्छा जाहेर गरेका छन् । पार्टी सभापति एवं वर्तमान प्रधानमन्त्री देउवाले त 'म सातपटकसम्म प्रधानमन्त्री हुन्छु' भनेर घोषणा गरेको उहिलेदेखि नै हो । जम्मा पाँचपटक प्रधानमन्त्री भएका देउवालाई सातपटक प्रधानमन्त्री बन्ने वाचा पूरा गर्नका लागि पनि अहिले पछि हट्न मिल्ने अवस्था छैन ।

नेपालको संविधान (२०७२) अनुसार प्रधानमन्त्री बन्नका लागि आफ्नै प्रक्रिया छन् । सबैभन्दा ठूलो पार्टी भएका कारण नेपाली कांग्रेसको संसदीय दलको नेता नै प्रधानमन्त्री बन्ने संभावना ५० प्रतिशत भन्दामाथि छ । तर संसदीय दलको नेता बन्नका लागि इच्छा मात्रै गरेर पुग्दैन । संसदीयदल भित्र हुने चुनाव जित्नुपर्छ । सभापति देउवाले इच्छा राख्दासम्म संस्थापन पक्षका तर्फबाट संसदीयदलको नेता पदमा अर्को उम्मेद्वार बन्न सक्ने अवस्था अत्यन्त कम छ । सभापति देउवाको निगाहबाहेक वरिष्ठ नेता पौडेल र नेता प्रकाशमान सिंह संसदीयदलको नेता बन्ने संभावना न्यून छ । संसदीय दलमा संस्थापन पक्षको करिब दुईतिहाई बहुमत छ । त्यसैले इतर पक्षका गगन थापा, तथा कोइरालाद्वयले यथास्थितिमा चुनाव जित्ने संभावना छैन । इतर पक्षको तर्फबाट एक जना मात्रै उम्मेद्वार भएको अवस्थामा र संस्थापन पक्षभित्र विवाद भएको अवस्थामा संसदीयदलभित्रको अंक गणित फेरिन पनि सक्छ । ०५८ सालमा यसरी नै अंक गणित फेरिँदा इतर पक्षका नेता देउवाले संस्थापन पक्षका नेता सुशील कोइरालालाई भारी मतान्तरले पराजित गरी प्रधानमन्त्री बनेका थिए ।

झट्ट हेर्दा संसदीयदलको नेता बनाएर कसलाई प्रधानमन्त्रीका लागि अघि सार्ने ? भन्ने प्रश्न नेपाली कांग्रेसको आन्तरिक मामिला हो कि जस्तो देखिन्छ । तर, अहिले परिस्थिति अली फरक छ । नेपाली कांग्रेससँग आफ्नै बहुमत छैन । बहुमत पुऱ्याउनका लागि थप तीन/चार वटा पार्टीको समर्थन जरुरी छ । सहयोगी पार्टीहरूले कसलाई सहज ठान्छन् ? भन्ने ख्याल कांग्रेसले गर्नुपर्छ । दोस्रो कुरा नयाँ पुस्ताका युवा नेताहरूको तुलनामा पुराना पुस्ताका नेताहरू लोकप्रिय छैनन् भन्ने कुरा आमनिर्वाचनको परिणामले पुष्टि गरेको छ । आम मतदातामध्ये पाँच जनालाई प्रश्न गर्ने हो भने तीन जनाले गगन थापा प्रधानमन्त्री होउन् भन्ने चाहेको देखिन्छ । कुनै पनि राजनीतिकदल जीवित रहने भनेको नयाँ पुस्ताको आकर्षणले हो । नयाँ पुस्तालाई आकर्षित गर्न नसक्ने पार्टी जीवित रहँदैन । यसको उदाहरणका रूपमा राप्रपाले अहिले हासिल गरेको उपलव्धी हेरे पुग्छ । पाँच महिना अघि मात्रै जन्मेको राष्ट्रिय स्वतन्त्र पार्टीले हासिल गरेको उपलव्धी हेरे पुग्छ । नेपाली कांग्रेस पार्टी आफैँले गत आमनिर्वाचनमा प्राप्त गरेको समानुपातिक तर्फको मत र अहिले प्राप्त गरेको मत तुलना गरे पनि हुन्छ । गत आमनिर्वाचनको तुलनामा यो आमनिर्वाचनमा नेपाली कांग्रेसको जनमत करिब आठ प्रतिशत घटेको छ । कांग्रेसका लागि यो ओरालो यात्रा सानो होइन । सातपटक प्रधानमन्त्री बन्ने आफ्नो वाचा पूरा गर्न पार्टीको यो ओरालो यात्रालाई निरन्तरता दिने कि ? अब जनताबीच लोकप्रिय नयाँ पुस्तालाई अघि सारेर पार्टीलाई जोगाउने ? भन्ने कुरामा कांग्रेस सभापति देउवा स्पष्ट हुनु जरुरी छ । देउवाले हठ नत्यागने हो भने नेपाली कांग्रेसभित्र ठूलै किचलो हुने संकेत देखिइसकेको छ । नेपाली कांग्रेसको नेतृत्वमा सरकारमा सहयात्रा गर्न चाहेका दलहरूले पनि सभापति देउवालाई उचित सुझाव दिन ढिला गर्नु हुन्न । अलोकप्रिय व्यक्तिको नेतृत्वमा जो जो पार्टी सरकारमा सहभागी हुन्छन्, उनीहरूको यात्रा पनि ओरालोतर्फ नै हुन्छ । यो कुराको हेक्का प्रचण्ड र माधव नेपालले पनि राख्नु जरुरी छ ।

# थापाथलीका सुकुम्बासी र बालेन साहको अवसर



भरतराज पोखरेल

> अब निःशुल्क होइन सःशुल्क जग्गा वितरण गरेर मात्रै यो समस्याको समाधान सम्भव छ । यसका लागि राज्यले नीतिगत निर्णय लिएर अगाडि बढ्न जरुरी देखिन्छ । अहिले त सुकुम्बासी समस्या कम, व्यवसाय बढी भएको छ । नक्कली सुकुम्बासीको बिगबिगीका कारण वास्तविक सुकुम्बासीको समस्या ओझेलमा पर्दै गएको छ । राजधानीका खोला नालादेखि सार्वजनिक ठाउँ ढाकेर बनाइएका झुप्रे बस्तीले राजधानी पनि सुकम्बासीमय भएको संकेत गर्दछ । उपत्यकामा मात्रै ६६ ठाउँमा यस्ता झुप्रे बस्ती छन्

काठमाडौं महानगरपालिका र एकीकृत वाग्मती सभ्यता विकास समितिको संयुक्त पहलमा थापाथलीस्थित सुकुम्बासी बस्तीमा सोमबार डोजर चलाएपछि सुकुम्बासीका बारेमा फेरि एकपटक चर्चा सुरु भएको छ । सुकुम्बासीहरूको खुकुरी सहितको हिंस्रक प्रतिकारले केही वर्ष अघिको कैलालीस्थित डुडेझारी घटनाको झल्को दिएको छ, जहाँ सुकुम्बासीको प्रतिकारमा सुरक्षाकर्मीको समेत ज्यान गएको थियो ।

काठमाडौं महानगरले सडक पेटी खाली गराएको जस्तो शैलीमा घर उजाड पार्न थालेपछि सुकुम्बासीहरू प्रतिकारमा उत्रिएका हुन् । घरको कौसी वा बार्दली भत्काउँदासम्म मान्छे जति धैर्य गर्न सक्छ, बास नै उजाड पार्न थालेपछि धैर्यता गुमाउँछ भन्ने यो घटनाले पनि देखाउँछ । महानगरले यस्ता ठाउँमा हात हाल्दा संयमता देखाउन जरुरी छ भन्ने पाठ पनि हो यो । घर कुनै भौतिक बस्तु मात्रै होइन यो त कैयौं भावनाको संग्रहालय पनि हो ।

एकातिर थापाथलीका सुकुम्बासीलाई लक्षित गरी इचंकुनारायणमा बनाएको अपार्टमेन्ट खाली छ भने अर्कोतिर वैकल्पिक व्यवस्था नगरी घर टहरा भत्काउन लागेको भन्ने आरोप काठमाडौं महानगरमाथि छ । राजनीतिक खिचातानी नभई यो मोडेलमा समस्या समाधानको बाटो समातेको भए अहिलेसम्म सहरीया सुकुम्बासीको समस्या समाधान गर्ने एउटा मोडल तयार भइसक्थ्यो । तर समस्या समाधान होइन त्यही समस्याको रापमा राजनीतिक रोटी सेक्ने राजनीतिक पार्टीहरूले पुरानै रबैयाका कारण यस्ता समस्या झाँगिँदै जाने मौका पाउँछन् ।

सुकुम्बासी सहरमा पनि छन् र गाउँमा पनि छन् तर समस्या फरकफरक छन् । गाउँका सुकुम्बासीको समस्या खेतीपाती हो भने सहरीया सुकुम्बासीको समस्या आवास र रोजगारी । सहरमा सस्ता अपार्टमेन्ट बनाएर किस्ताबन्दीमा दिने व्यवस्था गर्न सकिन्छ । एक किचेन र दुई बेडरुम सहितका सहुलियतका फ्ल्याट सुपथ मूल्यमा बैंकमार्फत किस्ताबन्दीमा दिन सकिन्छ । यहाँ गाउँको जस्तो कामको खाँचो त्यति हुँदैन । त्यही पनि सरकारले कामको ग्यारेन्टी भने गर्नै पर्छ । अपार्टमेन्ट निर्माणका लागि सरकारले सस्तो जमिन उपलब्ध गराइदिने हो भने फ्ल्याट् सस्तो पर्न सक्छ । वाग्मती, विष्णुमति र अन्य खोला किनारमा बसेका सुकुम्बासीलाई दिन तिनीहरूले ओगटेको पाँच प्रतिशत पनि जमिन अपार्टमेन्टको लागि खर्च हुँदैन । अर्को सरल उपाय उनीहरूलाई स्थायी ठेगानामा नै व्यवस्थापन गर्नु हो । स्थायी ठेगाना भएको पालिकामा समन्वय गरेर कम्तीमा घरबार चल्ने खालको आर्थिक सहयोगसहित व्यवस्थापन गर्न सकिन्छ । सहरमा सःशुल्क अपार्टमेन्टको व्यवस्था गरे झैं गाउँमा सःशुल्क जग्गाको व्यवस्था गर्न सकिन्छ ।

सरकारले बेलाबेला सुकुम्बासी समस्या समाधान आयोग गठन गरेर समस्या समाधानको कोशिस गर्छ तर यो समस्या समाधानको सट्टा झन् थपिँदो छ । हरेक चोटी सुकुम्बासी समस्या समाधान आयोगले तथ्यांक लिन्छ तर यो 'सुकुम्बासी टेन्डर' खुलाए जस्तो हुने गरेको छ । हुन पनि आयोगले सुकुम्बासीको नाममा जति धेरै जग्गा बाँड्छ अर्को वर्ष त्यति नै बढी सुकुम्बासी थपिन्छन् । पछिल्लोपटक आयोगले मागेको दरखास्तअनुसार ८ लाख ६१ हजार ३ सय १७ जनाले सुकुम्बासीको नाममा आफ्नो नाम दर्ज गरिसकेका थिए । त्यसमा राजनीतिक दल र स्थानीय भरेटाकुरे नेता कार्यकर्ताले 'नाम छुट' को निहुँमा ल्याउने थप सुकुम्बासीको लिस्ट त आउनै बाँकी छ । यो संख्या पनि अघिल्लो तथ्यांक भन्दा दोब्बर बढी हो । त्यसअघि भक्ति लामिछाने आयोगले साढे चार लाखको हाराहारीमा यस्ता आवेदन संकलन गरेको थियो ।

अहिलेसम्म सुकुम्बासीका नाममा बाँडिएको जमिनको पूर्ण तथ्यांक त छैन तैपनि ०५१ सालमा गठित ऋषिराज लुम्साली आयोग र ०६६ सालमा गठित गोपालमणि गौतम आयोगले मात्र सुकुम्बासी र भूमिहीनको नाममा ९७ हजार ६ सय ७६ परिवारलाई धेरै थोरै जग्गा बाँडेको तथ्यांक छ । यी दुई आयोगले तराईमा करिब ३० हजार बिघा र पहाडमा साढे नौ हजार रोपनी जमिनको लालपूर्जा वितरण गरेका थिए । यस्ता आयोग ०४७ पछि मात्रै एक दर्जन बनिसकेका छन् । यतिका जमिन बाँडिसक्दा पनि समस्या ज्यूँ का त्यूँ छ । भूमिसुधार मन्त्रालयको अनुमानमा मुलुकभर १० देखि १५ लाख सुकुम्बासी छन् । सरोकारवालाहरूको दावीमा भने नेपालमा अझै पनि ५५ लाख सुकुम्बासी र अव्यवस्थित बसोबासी छन् ।

हिमाली र केही पहाडी जिल्लालाई छोडेर भन्ने हो भने नेपालको कुनै जिल्ला छैन जहाँ भूमिहीन सुकुम्बासीको नाममा जंगल र सार्वजनिक जमिन अतिक्रमित भएको नहोस् । अझ राजधानीका खोलानालादेखि सार्वजनिक ठाउँ ढाकेर बनाइएका झुप्रे बस्तीले राजधानी पनि सुकम्बासीमय भएको संकेत गर्दछ । उपत्यकामा मात्रै ६६ ठाउँमा यस्ता झुप्रे बस्ती छन् ।

सुकुम्बासीका नाममा वनक्षेत्रको अतिक्रमण पनि उत्तिकै छ । वन मन्त्रालयको अध्ययनअनुसार ०४६ सालपछि मलुकभर करिब १ लाख ५० हजार बिघा वनक्षेत्र अतिक्रमण भएको छ । प्रति विघाको औषत मूल्य १० लाख राख्दा यसको मूल्य करिब १ खर्ब ५० अर्ब रुपैया पर्न आउँछ । कोहलपुर बुटबल जस्ता राजमार्ग छेउ र चोकको बहुमूल्य जग्गा पनि अतिक्रमणको चपेटामा छ । त्यो हिसाब गर्ने हो भने यो अंक धेरैले बढ्छ ।

परम्परागत तरिकाले सुकुम्बासी समस्या समाधान हुन सक्दैन भन्ने आँकडाले देखाइसकेको छ । जति जग्गा वितरण गऱ्यो उति सुकुम्बासी थपिँदै जानुले पुरानै ढंगले यसको समाधान सम्भव छैन भन्ने स्पष्ट भइसकेको छ । त्यसैले अब निःशुल्क होइन सःशुल्क जग्गा वितरण गरेर मात्रै यो समस्याको समाधान सम्भव छ । यसका लागि राज्यले नीतिगत निर्णय लिएर अगाडि बढ्न जरुरी देखिन्छ । अहिले त सुकुम्बासी समस्या कम, व्यवसाय बढी भएको छ । नक्कली सुकुम्बासीको विगविगीका कारण वास्तविक सुकुम्बासीको समस्या ओझेलमा पर्दै गएको छ । राज्यले अभियानका रूपमा लिएका कतिपय घोषणा (जस्तै कमैया मुक्ति, हलिया मुक्ति) र दैवी प्रकोप लगायतका कारणबाट विस्थापित भएकालाई राज्यले दिने सहुलियत आफ्नो ठाउँमा छ तर अब पनि सुकुम्बासीका नाममा जग्गा वितरण गरिरहने पुरानै परम्परालाई निरन्तरता दिने हो भने अबको ५० वर्षपछि पनि समस्या जहाँको तहीँ रहने होइन थप बढने स्पस्ट छ । यस्ता आयोगले त समस्या समाधान गर्नुको साटो सुकुम्बासी उत्पादनमा सहायक भएको तथ्यांकले देखाइसकेको छ ।

गाउँका भूमिहीनहरू अहिले पाँच कट्ठा जमिनका लागि आन्दोलन गरिरहेका छन् । यदि नयाँ सोचाइअनुसार जाने हो भने आवश्कता हेरी कम्तीमा १० कट्ठा जमिन उपलब्ध गराउन सकिन्छ । यसरी सुकम्बासीलाई जमिन दिँदा मुख्य रूपमा गाउँमै दिनु राम्रो हुन्छ । सःशुल्क जमिन दिँदा राज्यले धेरै जंगल पनि मासिरहनु पर्दैन । नयाँ हदबन्दी कायम गरी मुआब्जा दिएर कतिपय जमिन राज्यले वितरण गर्न सक्छ भने आवश्यकताअनुसार सार्वजनिक जमिन पनि बिक्री वितरण गर्न सकिन्छ । सार्वजनिक जमिन बिक्री वितरण वापत आएको रकम पनि यो नयाँ वस्तीको लागि राज्यले लगानी गर्न सक्छ ।

तराईमा मात्रै सुकुम्बासीका लागि जग्गा जमिन दिनुपर्छ भन्ने केही छैन । मध्य पहाडका उर्वर फाँट अहिले 'वैदेशिक रोजगारी'को चपेटामा परेर बाँझो पल्टिन थालेका छन् । यस्ता जमिन राज्यले मुआब्जा दिएर निश्चित मूल्यमा सुकुम्बासीलाई दिन सक्छ । सकेसम्म जुन जिल्लाका भूमिहीन सुकुम्बासी छन् त्यही जिल्लामा व्यवस्थापन गर्नु सबै हिसाबले उत्तम हुन्छ । तराईमा बासोबास गराउनेहरूको लागि यो अभियान विशेष गरी नदी कटानको चपेटामा परेका तराईका जिल्लाहरूमा नदी नियन्त्रणसँग जोडेर लैजान सकिन्छ । नदीको निश्चित क्षेत्र छुट्ट्याएर तटबन्धन निर्माण गर्ने र यसरी बचेको सुरक्षित जमिन सुकुम्बासीहरूलाई बिक्री वितरण गर्न सकिन्छ । उदाहरणको रूपमा बाँके जिल्लाको राप्ती नदी नियन्त्रणका लागि पूर्णरूपमा तटबन्धन निर्माण गर्ने हो भने बाँके जिल्लाभरीका सुकुम्बासीलाई दिने जग्गा यही निस्कन्छ । यो अरू जिल्लाको हकमा पनि लागू हुन्छ ।

सःशुल्क जमिन दिने भनेर राज्य त्यत्तिकै व्यापारी जस्तो भएर पन्छिन भने मिल्दैन । सःशुल्क जमिन दिँदा राज्यको ग्यारेन्टीमा बैंक तथा वित्तीय संस्थाले सुकुम्बासीलाई १० लाखसम्म ऋण लगानी गर्नुपर्ने हुन्छ । १० वर्ष किस्ताबन्दीमा बैंकले धितो बापत त्यही जग्गाको पूर्जा राख्न सक्छ । सरकारले प्रत्येक तीन महिनाको किस्ता तिर्न पुग्ने कामको न्यूनतम ग्यारेन्टी भने गर्नुपर्छ भने श्रमको प्रतिबद्धता सुकुम्बासीबाट आउनुपर्छ । काम खोज्न अन्यत्र जानु पर्दैन नदी नयन्त्रण वा बाटोघाटो निर्माण नै पर्याप्त छ । व्यक्तिगतभन्दा पनि समूह बनाएर ऋण दिने हो भने कारोबार सहज हुनसक्छ । लगानीका लागि गाउँलाई नै कार्यक्षेत्र बनाएका लघुवित्त कम्पनीहरू बढी प्रभावकारी हुन सक्छन् । शिक्षा स्वास्थ्य र रोजगारका अन्य कार्यक्रमहरू पनि यस्तो क्षेत्रमा एकीकृत ढंगले अगाडि बढाउन सकिन्छ ।

यसरी सःशुल्क जग्गा दिन थाल्ने हो भने नक्कली सुकम्बासीहरू आफैँले मैदान छोड्छन् । यसले बास्तविक सुकुम्बासी छानविनका लागि ठूलो सहयोग पुग्छ । अहिले सडकमा सक्कलीभन्दा नक्कली सुकुम्बासीको चर्को स्वर छ । यसले वास्तविक सुकुम्बासी सधैं मर्कामा छन् । यस्ता 'व्यावसायिक सुकुम्बासी'लाई निरुत्साहित गर्नका लागि पनि राज्यले अब उप्रान्त कसैलाई पनि निःशुल्क जमिन वितरण गर्ने छैन भनेर सरकारले घोषणा गर्न सक्नुपर्छ ।

यदि यो अभियान लागू गर्न सकेको खण्डमा आगामी १० वर्षमा मुलुकमा एक जना पनि सुकुम्बासी रहने छैन । सुकुम्बासी भनिएका हरेकसंग त्यस बेलासम्म जमिनको लालपूर्जा हुनेछ, बैंकको ऋण पनि तिरीकिएको हुनेछ अनि तराईको नदी किनारमा तटबन्ध र ग्रिनबेल्ट तयार भइसकेको हुनेछ । त्यति मात्रै होइन सुकुम्बासीको नाममा हुने गरेको बनजंगलको विनास र अतिक्रमण पनि रोकिनेछ । चुरे अतिक्रमणको रोइलो पनि मत्थर हुँदै जानेछ । त्यसैगरी काठमाडौं उपत्यका नदी किनार र अन्यत्र पनि सुकुम्बासीका झुप्रे बस्ती देखिने छैनन् ।

थापाथली बस्तीले सुकुम्बासी बहसलाई एकपटक फेरि सतहमा ल्याएको छ । योभन्दा अघि राजनीतिक पार्टीको अनावश्यक हस्तक्षेपले समस्यालाई जटिल बनाएका थिए । सुकुम्बासीलाई बासको व्यवस्था गरी बागमती किनार खाली बनाउन अब बालेन साहजस्तो युवा नेतृत्वको काठमाडौं महानगरपालिका लागि यो 'मोडेल' बन्ने अवसर पनि हो यो ।

# यिनीहरू सुकुम्बासी नै होइनन्



अनुषा थापा

देशमा ऐनकानुन छ सरकार छ । तर, गत सोमबार थापाथलीका सुकुम्बासीहरूले लौरो भाटा र हातहतियार लिएर काठमाडौं महानगरपालिकाका नगरप्रहरीमाथि हातपात गर्दा सरकार के हेरेर बस्यो ? गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय किन हात बाँधेर बस्यो ? सुकुम्बासीहरू हातमा नांगो खुकुरी नचाइरहेका थिए । ग्याँस बोकेर हिँडेका थिए । टायर बालेर आतंक मच्चाइरहेका थिए ।

नगरप्रहरीमाथि ढुंगामुढा प्रहार भयो । कतिपय नगरप्रहरी घाइतेसमेत भए । कतिपयको टाउकोमा गम्भीर चोटसमेत लागेको छ । सुकुम्बासीको नाममा सरकारी जग्गा कब्जा गरेर काठमाडौंको सुन्दरतामा ह्रास ल्याउने काम गरिरहेका छन् । यिनीहरू सुकुम्बासी नै होइनन्, सुकुम्बासीको नाममा सरकारी जग्गा कब्जा गरेको हुन् । नदीनाला किनारमा छेउछाउ टहरा बारेर बसेकाहरूले नदीनाला फोहोर पारेका छन् ।

हिजो जजसले खुकुरी, हातहतियार र ढुंगामुढा गरेका छन्, तिनलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । देशमा कानुन छ, कानुन उल्लंघन गर्नेले सजाय पाउनुपर्छ । सुरक्षाकर्मीलाई नै कुटपिट गर्न आउने, आतंक फैलाउनेलाई त्यतिकै छोड्नुहुँदैन् । हतियार बोक्ने र ढुंगामुढा गर्नेलाई सरकारले राम्ररी चिनेको छ, उनीहरूलाई तत्काल कारबाही गर्नुपर्छ । गृहले आज थप सुरक्षाकर्मी खटाएर सुकुम्बासी बस्ती हटाउनुपर्छ ।

यसरी आन्दोलन गर्दैमा, हतियार लिएर सडकमा आउँदैमा सरकार डराउनुहुँदैन । सरकार पछि हट्दै जाने हो भने मुलुकमा भएका सम्पूर्ण सरकारी जग्गा क्रमशः कब्जा हुँदै जान्छ । सरकारले केही गर्न नसक्ने हो भने देशै सुकुम्बासीहरूलाई चलाउन दिए भइहाल्यो नि । महानगरका मेयर बालेन्द्र साहले थप सुरक्षाकर्मी पठाएर सुकुम्बासी बस्तीमा डोजर चलाउनुपर्छ ।

सरकार बलियो नभएसम्म देशले परिवर्तनको बाटो समात्न सक्दैन । हिजो सुकुम्बासी बस्ती हटाउन महानगरको टोली अबेला गयो । नगरप्रहरी डोजरसहित बिहानै बस्तीमा पुग्नुपर्थ्यो । तर, जब सुकुम्बासीहरू एकजुट भए तब नगरप्रहरी पुगे । उनीहरूले आन्दोलनका लागि सबै तयारी गरिसकेका थिए । जसको चपेटामा नगरप्रहरी पुग्यो । सोमबारको घटनाबाट नगरप्रहरीले पनि केही पाठ सिक्नुपर्छ ।

नगरप्रहरीको पनि कहीकतै कमजोरी देखिएको छ । सुकुम्बासी हटाउन अघि बढिसकेको महानगर पछि हट्यो भने मेयर बालेन र नगरप्रहरीले अहिलेसम्म गरेको कामको कुनै अस्तित्व रहँदैन । सुकुम्बासीहरूले सरकारलाई चुनौती दिएका छन् । सिधैँ हातहतियार बोकेर निस्किएर उनीहरूले सरकार नै नभएकोजस्तो गरे । यता, नगरप्रहरी पनि नेताजस्तै उक्त ठाउँमा पुगेका थिए ।

सुकुम्बासीहरूले त्यत्रो आतंक गर्छन् भनेर महानगर प्रहरीले सोचेका पनि थिएनन् । अरू बेलाझैं गरी नगरप्रहरी डोजर मात्र लिएर पुग्यो । तर, नगरप्रहरीको कमजोरीले सुकुम्बासी पनि हटेनन् । यता, थुप्रो नगरप्रहरी घाइते भए । पूरा तयारी नगरिकन उक्त ठाउँमा जानु नै गल्ती भएको देखिन्छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेराबन्दीमा डोजर र महानगर प्रहरी सुकुम्बासी बस्ती हटाउन गएको भए बागमती छेउ रणभूमिमा परिणत हुँदैनथ्यो ।

> यिनीहरू सुकुम्बासी नै होइनन्, सुकुम्बासीको नाममा सरकारी जग्गा कब्जा गरेका हुन् । नदीनाला किनारमा छेउछाउ टहरा बारेर बसेकाहरूले नदीनाला फोहोर पारेका छन् । हिजो जजसले खुकुरी, हातहतियार र ढुंगामुढा गरेका छन्, तिनलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । देशमा कानुन छ, कानुन उल्लंघन गर्नेले सजाय पाउनुपर्छ । सुरक्षाकर्मीलाई नै कुटपिट गर्न आउने, आतंक फैलाउनेलाई त्यतिकै छोड्नुहुँदैन । हतियार बोक्ने र ढुंगामुढा गर्नेलाई सरकारले राम्ररी चिनेको छ, उनीहरूलाई तत्काल कारबाही गर्नुपर्छ । गृहले आज थप सुरक्षाकर्मी खटाएर सुकुम्बासी बस्ती हटाउनुपर्छ

कतिपय सुकुम्बासीहरूले झोला झ्याम्टा बाहिर निकालिसकेका थिए । तर, कमजोर महानगर प्रहरी देखेर उनीहरू हुलदंगा मच्चाउन निस्किए । सुकुम्बासी भनेर सरकारी जग्गा कब्जा गरेर बसेका उनीको हात, गलामा सुनको सिक्री देखिन्थ्यो । सवारी साधन पनि छ । उनीहरू सुकुम्बासीजस्तै देखिँदैनन् । कतिपयको काठमाडौंकै घर होला । आफ्नो गाउँघरमा जग्गा होला ।

अनि सुकुम्बासी भनेर सरकारी जग्गा कब्जा गर्न मिल्छ ? सरकारले लालपुर्जा दिन्छ अनि त्यो जग्गा पनि आफ्नो नाममा पार्नका लागि तिनीहरू त्यसरी बसेका छन् । नदीनाला छेउका टहराले गर्दा शहरको सुन्दरतामा ह्रास आएको छ । नदीनाला फोहोर भएको छ । सरकारी जग्गा क्रमशः घट्दै गएको छ । हिजो घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी पनि गएका थिए ।

तर, महानगर प्रहरीले त्यसरी चुटाइ खाँदा पनि नेपाल प्रहरी र सशस्त्रले हेरेर बस्यो । महानगर प्रहरीहरू घाइते भइसक्दा पनि प्रहरी र सशस्त्रको टोली अघि बढेको थिएन । प्रहरी र सशस्त्र हिजोको घटनामा रमिते बनेर बस्यो । महानगर प्रहरीलाई त्यत्रो चोट लाग्दा पनि प्रहरी र सशस्त्र किन अघि बढेन् ? प्रश्न खडा भएको छ । कि गृह र सिडियो कार्यालयले हात बाँधेर बस भनेर निर्देशन दिएको थियो ?

महानगर प्रहरीलाई कुटेदै लखेटेपछि सुकुम्बासीहरूको आत्मबल झनै बढेको छ । सुकुम्बासीहरूको नाममा देशभरका सरकारी जग्गा कब्जा भएको छ । सुकुम्बासी भन्दै माफियाले सरकारी सम्पत्तिमा डेरा जमाएका छन् । सरकारी सम्पत्ति फिर्ता ल्याउनु महानगर प्रहरीको मात्र जिम्मा हो ? तर, हिजोको हर्कतले ठ्याक्कै त्यस्तै देखायो । महानगर प्रहरीको ज्यानमाथि आँच आइपर्दा पनि प्रहरीको टोली अघि बढेन ।

निरीह भएर हेरेर बसिरह्यो । उनीहरूलाई अघि नबढ् भनेर कसले रोक्यो त ? गृहमन्त्री बालकृष्ण खाँणले रोके कि गृहसचिव विनोदप्रकाश सिंहले । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धिरेन्द्रप्रताप सिंहले प्रहरीलाई अगाडि बढ्न निर्देशन दिनुपर्थ्यो । प्रवक्ता टेकप्रसाद राईले हिजो त्यति निर्देशन दिएको भए सुकुम्बासीको समस्या हिजै हल भइसक्थ्यो । सुकुम्बासी देशभरको समस्या हो ।

तर, सरकारले काठमाडौं महानगरपालिकाको मात्रै समस्या हो जस्तो गऱ्यो । काठमाडौं महानगरपालिकाले अघि नबढेसम्म देशभरका मेयरहरूले आफ्नो कदम चाल्दैनन् । महानगर प्रहरीले त्यसरी कुटाइ खाइसकेपछि जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले प्रहरीलाई तुरुन्त अघि बढ्न निर्देशन दिनुपर्थ्यो । देशका ठुल्ठूला निकाय मौन बस्दा महानगर प्रहरीहरूले कुटाइ खाए ।

महानगर प्रहरीलाई सुकुम्बासीहरूले लखेटी लखेटी कुट्छन् भनेर कसैले सोचेका थिएनन् । तर, सुरक्षाकर्मीहरूले उनीहरूलाई जोगाउनुपर्थ्यो । उल्टो रमाइलो हेरेर बस्यो । नेपाल प्रहरीले पनि जनताले तिरेको करबाट तलब खाएको हो । महानगर प्रहरीले पनि जनताले तिरेकै करबाट तलब खाएका हुन् । तर, महानगर प्रहरीले कुटाइ खाँदा अन्य प्रहरी चुपचाप बसिरहे । यसको जवाफ गृहमन्त्री खाँणले दिनुपर्छ ।

त्यत्रो महानगर प्रहरी घाइते भए । तर, पनि सरकार मौन छ ? हिजो थापाथलीमा ठूलो दुर्घटना हुन सक्थ्यो । सुकुम्बासीको भिड त्यसरी नै उग्र भएर अघि बढेको भए कतिले ज्यान गुमाउँथे । उनीहरू खुकुरी लिएर हिँडेका थिए । काठमाडौं निर्वाचन क्षेत्र नम्बर १ का सांसद् प्रकाशमान सिंहले सुरक्षाकर्मीलाई अघि नबढाऊ भनेर गृहमन्त्री खाँणलाई भनेको कुरा पनि सुन्नमा आएको छ ।

चुनावअघि सो बस्तीमा प्रकाशमान पुगेका थिए । उनले कुनै पनि हालतमा सुकुम्बासी हटाउन नदिने बताएका थिए । उनीहरूकै भोट लिएर त थोरै मतान्तरले प्रकाशमानले जिते । सुकुम्बासीले हालेको १ सय २५ मतले त उनले विजयी हात पारेका हुन् । नत्र प्रकाशमान हार्नुपर्ने व्यक्ति हुन् । पर्दाभित्र बसेर प्रकाशमानले सुकुम्बासीलाई सडकमा उतारे । हिजोको घटनाको जिम्मेवारी प्रकाशमानले लिनुपर्छ ।

गृहमन्त्री खाँणले तत्काल प्रकाशमानलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । महानगरका मेयर बालेनले आजै डोजर लगेर सुकुम्बासी बस्ती हटाउनुपर्छ । मेयर र महानगर प्रहरी डराउनुहुँदैन ।

# सीपमूलक तालिमले ल्याएको परिवर्तन



■ देवेन्द्र कार्की

धरान । झापाको शिवसतासीधाम-८ झिलझिलेका देविप्रसाद लावती सन् १९९९ मा मलेसिया पुगेर तीन वर्ष श्रम गरे । उनले घर रुग्ने काम पाए । तर हातमा कुनै सीप नभएका लावती पैसा कमाउन नसकेपछि घर फर्किए । फेरि सन् २००७ मा कतार गए । त्यहाँ सुरक्षा गाडको काम थियो, भनेबमोजिको तलब नपाएपछि एक वर्षमै घर फर्किए । फेरि सन् २०१० मा संयुक्त अरब इमिरेट्स गए । त्यहाँ भने १० वर्ष वेल्डिङको काम गरे । दुई वर्षदेखि नेपालमा उनी त्यतिकै बसिरहेका थिए । गोठमा दुई/चार गाई भने उनले पाल्दै आएका थिए । लामो समय विदेश बसेर पनि केही गर्न नसकेका लावती कृषि पेसामा लागेका थिए । पेसाप्रतिको प्राविधिक ज्ञान अभावमा उनी भौतारिरहेका थिए । पशुपालनमा चाख राख्ने लावतीले पशु स्वास्थ्यसम्बन्धी तालिम पाएपछि पशु पालन व्यवसाय दिगो हुने आशा गरेका छन् । लावती जस्तै झापाको अर्जुनधारा नगरपालिका-११ बसपार्क क्षेत्रका अनिश राई पनि तीन वर्ष कुवेत बसेर एक वर्षअघि फर्किए । उनले विदेश बस्दा भान्सामा काम पाए । एक वर्षअघि नेपाल आएर उनी त्यतिकै भौतारी रहेका थिए । विर्तामोडमा 'हाउस किपिङ'को तालिमका लागि अन्तर्वार्ताबाट पास भई उनी तालिममा सहभागी भए । .तालिम प्राप्त भएपछि उनले अब होटल क्षेत्रमा स्वदेशमै केही गरेर बस्ने अठोट लिएका छन् । झापा कमल गाउँपालिका-४ की इन्दिरा कार्की (गुरुङ) तीन वर्ष कुवेतमा क्लिनरको काम गरेर फर्किइन् । उनी दुई वर्षअघि नेपाल फर्केर त्यतिकै बसिरहेकी थिइन् । घर नजिकै पशु स्वास्थ्य सहायकको तालिम पाएपछि उनी पनि प्रक्रिया पूरा गरेर तालिममा सहभागी भइन् ।

तालिम लिएपछि उनमा आफ्नै देशमा केही गर्ने मनोबल बढेको छ । लावती, राई र कार्कीजस्तै झापा, मोरङ र सुनसरीका विदेश बसेर फर्किएका तीन सय युवाले विभिन्न प्रकारका सीपमूलक तालिम लिने अवसर पाएका छन् । घर नजिकै निःशुल्क पाएको तालिमले उहाँहरूलाई नेपालमै केही गर्ने आत्मबल बढेको उनीहरूले बताए । वैदेशिक रोजगारीमा गएर फर्किएकालाई स्वदेशमै टिकाउने उद्देश्यले 'वेलकम होम' परियोजनाले छोटो अवधिको सीपमूलक तालिम दिएपछि यहाँका युवाले सीपयुक्त हुने मौका पाएका छन् । युरोपेली संघको आर्थिक सहयोग, ब्रिटिस काउन्सिलद्वारा व्यवस्थित दक्षता-टिभिइटि व्यावहारिक साझेदारीअन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा कार्यान्वयन गरिएको यो परियोजनाले प्रदेश-१ का मोरङ, सुनसरी र झापामा तीन सय जनालाई तालिम प्रदान गरेको हो । यो परियोजना सञ्चालन गर्न नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघले मुख्य भूमिका खेलेको छ । विदेशबाट फर्किएका युवालाई स्वदेशमै रहेर केही गर्न प्रोत्साहन गर्न दातृ निकायसँग सहकार्य गरेर १ सय ८० घण्टाको तालिम सञ्चालन गरिएको छ । झापाको कमल गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, शिवसतासी नगरपालिका, मेची नगरपालिका, विर्तामोड नगरपालिका, मोरङको केराबारी गाउँपालिका, लेटाङ नगरपालिका र सुन्दरहरैचा नगरपालिका तथा सुनसरीको इटहरी उपमहानगरपालिका, बराहक्षेत्र नगरपालिका र इनरुवा नगरपालिकामा तालिम आयोजना गरिएको थियो । विदेशबाट फर्किएका युवालाई तालिममा सहभागी गराउन पौरखी नेपाल र ओरेक नेपालले सहयोग गरेको थियो । छोटो अवधिका प्लम्बर, होम स्टे, साना होटल व्यवस्थापन, हाउस पेन्टर, बिल्डिङ इलेक्ट्रिसियन, हाउसकिपिङ, पशु स्वास्थ्य सहायक र बेमौसमी तरकारी खेतीलगायतका सीपमूलुक तालिम सञ्चालन गरिएको तालिमका व्यवस्थापक गिरीराज घिमिरेले बताए ।परियोजनाअन्तर्गत विदेशबाट फर्किएकाका लागि रोजगारी सिर्जना, क्षमता अभिवृद्धि, विदेशमा प्राप्त गरेको ज्ञान-सीपलाई स्वदेशमै प्रयोग गर्ने अवस्था बनाउने लगायतका क्रियाकलाप गरिएको जनाइएको छ ।

श्रम बजारमा भोगेका समस्यालाई पहिल्याउने र समाधान गर्ने कार्ययोजनाका साथ यो तालिम आयोजना गरिएको थियो । नेपालमा विदेशबाट फर्किएर पुनः विदेश नै जानुपर्ने अवस्था रहेको छ । आवश्यक तालिम दिएर रोजगारीमा फर्काउने र समाजमा स्थापित गर्न यस्तो तालिम आयोजना गरिएको नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघका प्रदेश-१ का अध्यक्ष कृष्ण शाहले बताए । विदेशबाट फर्किंदा घरपरिवार र सम्पत्ति दुवै नरहने कतिपयको टिठलाग्दो अवस्था रहेको अवस्था पाइएको तथा तालिमले आत्मनिर्भर हुन सहयोग गर्ने अन्तर्राष्ट्रिय श्रम संगठनकी परामर्शदाता सवाना भट्टले बताइन् । 'अझ विदेश गएरका र फर्किएका महिला बढी समस्यामा छन्,' उनले भनिन्, 'उनीहरूलाई सम्मानका साथ समाजमा स्थापित गर्ने काम यस तालिमले गर्ने छ ।'

उनीहरूलाई आवश्यक तालिम, परामर्श दिने र स्वदेशमै टिकाउने सोचका साथ परियोजना अघि बढाइएको आयोजकले जनाएको छ । त्यसबाहेक परियोजनाले वैदेशिक रोजगारबाट फर्किएकालाई रोजगारीमा आबद्ध गराई, उद्यमशीलताको प्रवर्द्धन गरी सामाजिकिकरण गर्ने जनाइएको छ । परियोजनाले मुख्यतः कृषि, पर्यटन र निर्माण क्षेत्रमा काम गर्ने वेलकम होमका नेपाल संयोजक ताराप्रसाद बखरियाले जानकारी दिए ।

# देखिन छोड्यो अरिंगालको गोला !

■ दिलकुमार लिम्बू



फुङ्लिङ । मौरी शब्द सुन्नासाथ जो कोहिले मह चाखेको कल्पना गर्छन् र मुख मिठ्याउँछन् । अरिंगाल सुन्नासाथ त्यसले चिल्दाको सास्ती स्मरण गर्छन् । पहाडी क्षेत्रमा प्रशस्त पाइने अरिंगाल आजभोलि देख्न मुस्किल हुँदै गएको छ ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-६ का चिरन राई एक समयका अरिंगाल सिकारी थिए । उनी दिनभर अरिंगाल उडेको पछ्याउन धेरै टाढाटाढासम्म पुग्थे । विशेषगरी बिहान सूर्योदयको समय र सूर्यास्तको समयमा डाँडामा बसेर अरिंगाल उडेको माउ हेर्दै नजिक वा टाढा छ भन्ने सजिलै पत्ता लगाउथे । तर आजभोलि अरिंगाल भेटिन छाडेसँगै अरिंगालको सिकार गर्न छोडेका छन् उनले ।

पाँच वर्षअगाडि कात्तिक र मंसिरमा अरिंगालको माउ उडेको पछ्याउँदै अरिंगमलको गोलो पोल्नमा व्यस्त हुने राईका लागि आजभोलि फुर्सद मिलेको छ । सूर्योदय र सूर्यास्तको किरणसँगै उडेको देखिने अरिंगालका माउ अचेल देख्न मुस्किल हुँदै गएको उनले सुनाए ।

सोही गाउँमा शहरमान राई र राजकुमार राई पनि विगतका वर्षहरूमा प्रख्यात अरिंगाल सिकारी उपनामले परिचित नाम हो । दिनमा अरिंगालको गोलो पत्ता लगाएपछि बेलुका पोल्ने र झार्ने काम गर्थे । बिस्तारै अरिंगाल लोप हुँदै गएसँगै उनीहरूले सिकार पेसा परिवर्तन गरेका छन् । शहरमान राई अहिले मिस्त्री काममा व्यस्त छन्, भने राजकुमार राई अलैंची खेती गर्न थालेका छन् ।

विगतमा गाउँघर वरिपरिका जंगलहरूमा तथा ठूलाठूला रूखको हाँगा र चट्टानमा अरिंगालको गोलो देख्न सकिन्थ्यो । तर आजभोलि जंगल भिर पहाड तथा रूखका हाँगाहरूमा अरिंगाल देख्न मुस्किल हुँदै गएको फक्ताङलुङ गाउँपालिका-६ का वसन्त लिम्बूले बताए । लिम्बूले भने, 'केही वर्षअगाडि घरको छानोमा समेत अरिंगालको गोलो देख्न पाइन्थ्यो तर आजभोलि जंगलमा समेत देख्न मुस्किल हुँदै गएको छ ।'

जैविक विविधताको क्षेत्रमा लामो समय काम गर्दै आएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईका अनुसार अरिंगाल एक प्रकारको समूहमा बस्ने विषालु किरा हो । यसको देख्न सक्ने क्षमता धेरै हुन्छ । अरिंगालले मौसमअनुसार आफ्नो घर फेर्ने यो किरा जमिनमुनि र अग्लाअग्ला रूखको हाँगामा गोलो बनाएर बस्ने गर्दछ ।

सन् २०१८ मा इकोलोजिकल इन्टोमोलोजी जर्नलमा 'हामी किन मौरीलाई माया र अरिंगाललाई घृणा गर्छौं' भन्ने एउटा अनुसन्धानात्मक लेख प्रकाशित भएको थियो । सेइरिन सम्नर, जर्जिया ल र अलसान्ड्रो सिनीको संयुक्त रूपमा प्रकाशित उक्त लेखले मौरी र बारुलाको प्रकृतिमा खेल्ने भूमिका समान रहेको उल्लेख गरिएको छ । यिनीहरूले बिरुवालाई परागसेचनमा सघाउँछन् । विशेष गरेर मौरीले परागसेचनमा महत्वपूर्ण भूमिका खेल्छन् भने अरिंगाल/बारुला चाहिँ किरा-फट्यांग्रा खाएर खेतीपातीमा सघाउँछन् । अरिंगालले बालीमा लाग्ने किरा खाएर कीट नियन्त्रणको काम गर्छ ।

सो अनुसन्धानले ४५ देशका ७ सय ५० जना मानिसहरूमा गरेको सर्वेक्षणमा सहभागीले अरिंगाल भन्ने बित्तिकै उनीहरूको टोक्ने (खिल), रिस उठ्दो र खतरनाक किरा सम्झिए भने मौरी भन्ने बित्तिकै मह र परागसेचन सम्झिएको उल्लेख छ । त्रिभुवन विश्वविद्यालयका कीटविज्ञ दयाराम भुसालका अनुसार अरिंगालहरू विशेषतः जंगलमा बस्ने स्वभावका हुन्छ । अरिंगालले आफूलाई चाहिने सीमित मात्रामा मह उत्पादन गर्छ ।

मौरी र अरिंगाल दुवै उस्तै भए पनि टोकाइ फरक हुने भुसालले बताए । मौरीले एकपटक मात्रै टोक्छ, जुन उसका लागि हानिकारक हुन्छ । कारण खिलसँगै मौरीको पाचन प्रणालीको केही भाग नशा छाड्ने गर्छ । अरिंगाल/बारुलाले पटकपटक टोक्ने भएकाले मानिसलाई विभित्र प्रकारको दुष्प्रभाव पर्छ । एकैपटक धेरै प्रकारको एलर्जीको सामना गर्नुपर्ने भएकाले प्रतिरोध गर्न नसक्ने अवस्था हुने अनुसन्धानहरूमा देखाइएको छ । मौरी तथा अरिंगालका खिलमा विशेषगरी मेलिटिन र एपामिन नामक पदार्थ रहेको हुन्छ । मेलिटिन एउटा विषालु पदार्थ भएकाले मानिस वा अन्य जन्तुको कोषलाई छेड्ने र मार्ने काम गर्छ भने एपामिन रक्तनली हुँदै दिमागसम्म पुग्ने र रक्तसञ्चारमा अवरोध गर्ने अनुसन्धानहरूमा पाइएको छ । बारुला/अरिंगालहरूमा फोसपोफोलिएज-ए, बी, अर्लाम फोरोमोन्स, ह्यालारोनिडेज, एमसिडी पेप्टाइड, वास्प काइनिन, हिस्टामाइन, सेरोटोनिन, डोपामाइन जस्ता तत्वहरू पाइन्छ ।

संसारमा १७ हजार प्रजातिका मौरीको पहिचान भएको छ भने नेपालमा ६ प्रजाति पाइन्छन् । तिनमा चार रैथाने प्रजातिका पर्दछन् । नेपालमा बारुला/अरिंगाल भने ११ प्रजाति पाइन्छ । यी प्रजाति असार/साउनदेखि मंसिर/पुससम्म सक्रिय हुने त्रिवि जीवविज्ञान विभागबाट गंगा काफ्लेले गरेको शोधपत्रमा उल्लेख छ ।

# पर्यटक आकर्षणको केन्द्र बन्दै, बागलुङको 'बञ्जीजम्प'

■ डम्बर बुढामगर



ढोरपाटन । हेटौंडाका विकास घिमिरे बागलुङको बलेवा र पर्वतको कुश्मा बजारलाई जोड्ने गरी कालीगण्डकी नदीमाथि बनेको बञ्जीजम्पमा तीनपटक घुम्न आए । तीन पटकसम्म आउँदा पनि उनलाई घुमेर धित अझै मरेको छैन । घिमिरे तीन दिनदेखि कुश्मामै बसेर यहाँ वरपर निर्माण भएका लामा तथा अग्ला झोलुंगे पुल, जिपलाइन, बञ्जीसँगै स्काइ साइक्लिङको अवलोकन गर्दै छन् । दुईपटक त उनले बञ्जीजम्प गरिसके । परिवारसहित घुम्न आएका घिमिरे अझै केही दिन यहाँ रमाउने योजनामा छन् । यहाँ स्वच्छ वातावरण र रमाइलो गर्ने माध्यम धेरै भएको हुँदा अझै केही दिन बागलुङ र पर्वतमा रहने उनले बताए । हेटौंडाको कोलाहलबाट यहाँ घुम्न आउँदा शारीरिक र मानसिक स्वास्थ्य स्वस्थ बनेको उनले सुनाए ।

घिमिरेले भने, 'म अहिलेसम्म तीनपटक बञ्जीमा आएँ, दुईपटक त बञ्जीजम्प पनि गरेँ तर अझै पनि मेरो रहर मेटिएको छैन, यहाँ बसिरहुँ, घुमिरहुँ लाख्छ, हेटौंडामा बस्दा दिमाग ह्यांग भएको थियो, यहाँ आएपछि रिफ्रसमेन्ट भएको छ, यो हाम्रो पारिवारिक घुमघाम हो अझै केही दिन बागलुङ र पर्वतमा रहेका घुम्ने ठाउँ अवलोकन गरेर फर्किने छौं ।'

चितवनबाट बञ्जीजम्प गर्न बागलुङ आएकी रजनी ढकालले यो ठाउँ निकै रमाइलो लागेको बताइन् । टिकटक र फेसबुकमा धेरैले बञ्जीजम्प गरेको देखेपछि आफू पनि आएको उनले सुनाइन् । ढकालले भनिन्, 'बञ्जी गर्दा सुरुमा निकै डर लागेको थियो, तर हाम फालेपछि तल पुग्दा निकै रमाइलो हुँदोरहेछ, फेरि एकपटक बञ्जी गर्ने रहर लागेको छ, बिदा मिलाएर अर्कोपटक आउने मन छ ।' .उनले योभन्दा होचो स्थानमा रहेका बञ्जीमा यसभन्दा अगाडि पनि बञ्जी गरेको भन्दै यहाँ गर्दा निकै आनन्द आएको बताइन् । 'यो ठाउँ निकै रमाइलो रहेछ, यसभन्दा अगाडि पनि म बञ्जी गरेको थिएँ तर अहिलेको जस्तो मज्जा आएको थिएन, यत्तिको अग्लोमा पनि गरेको थिएन, सुरुमा अलिअलि डर पनि लागेको थियो तर पछि निकै रमाइलो लाग्यो,' उनले भनिन् । बञ्जीसँगै तल कालीगण्डकी नदी र माथि धवलागिरि हिमालको दृश्यले आफूलाई मोहित बनाएको ढकालले बताइन् । उनले यस्तो ठाउँ संसारमा जहाँकहीँ नहुने बताइन् । यो क्षेत्र घुम्नका लागि निकै उपयोगी रहेको उनको दाबी छ । 'यस्तो ठाउँ विश्वमा सायदै हुन्छन् होला, बञ्जीजम्पको तलपट्टि पवित्र कालीगण्डकी नदी, माथि हेर्दा धवलागिरि हिमाल देखिँदोरहेछ, यो ठाउँ साँच्चिकै स्वर्गजस्तै छ,' उनले भनिन्, 'यो ठाउँले धेरैलाई आकर्षित गर्छ, हामी नेपालीलाई त यति मोहित बनाउँछ भने विदेशीहरू त झन् लोभिन्छन् होला ।'पोखराबाट घुम्न आएकी ८३ वर्षीया जमुना अधिकारीले यो ठाउँ र बञ्जी निकै रमाइलो लागेको बताइन् । घिमिरे भनिन्, 'नाति केटाले मोबाइलमा यो बञ्जीको भिडियो देखाएको थियो, भिडियो देख्दा मलाई निकै रमाइलो लाग्यो, आज यहाँ आउने मौका मिलेको छ, म त बूढी मान्छे आज हो कि भोलि, यो देख्न पाउँदा खुसी लाग्यो, यो बनाउनेलाई धन्यवाद छ ।' बञ्जीजम्प द क्लिप प्रालिमार्फत सञ्चालनमा आएको हो । बञ्जीजम्पमा अहिले दैनिक ५० जनाले बञ्जी गर्ने द क्लिप प्रालिका सञ्चालक प्रकाश प्रधानले बताए । उनले दैनिक सयौं आन्तरिक तथा बाह्य पर्यटक बञ्जीमा घुम्न आउने गरे पनि सीमित मान्छेले मात्रै साइक्लिङ र बञ्जी गर्ने गरेको बताए । पछिल्लो समय विदेशी पर्यटकको आगमन पनि बढ्दै गएको उनले सुनाए । 'बिदाको दिन बढी पर्यटक आउछन् । अहिले दैनिक तीन-चार सय पर्यटक यहाँ घुम्न आउछन्, तर थोरैले मात्रै बञ्जीजम्प गर्नुहुन्छ, हामीले सुरु गर्दा पर्यटकको आगमन निकै कम थियो, अहिले बढ्दै गएको छ,' प्रधानले भने ।


म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

प्रकाशित मितिः २०७९/०८/१५

यस गाउँपालिकामा तपशिल बमोजिमको निर्माण कार्य गर्नका लागि २०७९/०६/०३ मा सूचना प्रकाशन गरि आह्वान गरिएको यस ठेक्काको लागि पेश हुन आएका वोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएकाले स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रायोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अङ्क (भ्याट +पि. एस. सहित) | घटी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | 03– 2079/080 : Construction of Cold Storage at Myagde-03 | Pasa Construction Shuklagandaki Tanahun. | रु. १,४७,०४,६४७.६१ (एक करोड सत्तचालिस लाख चार हजार छ सय सत्तचालिस रुपैया एकसठ्ठि पैसा मात्र) | २४.७७ | |

प्रमुख प्रशासकीय अधिकृत


# धान-गहुँ फल्ने खेतमा बेसारखेती

■ दीपक बोहोरा

तुलसीपुर । कुनै समय धानका बाला झुल्थे । गहुँ उत्पादन पनि उस्तै हुन्थ्यो । तर अहिले ती खेतमा बेसार फलिरहेको छ । तुलसीपुर-७ मिलनचोकका कुमार भण्डारीले पहिले-पहिले खेतमा धान, गहुँखेती गर्थे । तर अहिले उनले बेसारखेती गरेका छन् । यस्तै सोही ठाउँका ताराबहादुर अधिकारीले पनि गहुँभन्दा बेसारबाट नै आम्दानी हुन थालेपछि आफ्नो चार बिघा खेतमा बेसारखेती गरेका छन् । उनीहरूमात्रै होइन दाङमै बेसार उद्योग खुलेपछि धेरै किसान बेसारखेतीमा आकर्षित भएका छन् ।

तुलसीपुर-७ मिलनचोकमा बिटी ब्रान्डको नेपाल मसला उद्योग सञ्चालनमा आएपछि किसान बेसारखेतीमा आकर्षित भएका हुन् । 'पहिले धान, गहुँ लगाउँथ्यौं, कहिलेकाहीँ तरकारी पनि लगाउथ्यौं,' कृषक अधिकारीले भने, 'तर त्यो उत्पादन बजारीकरण हुन सक्दैनथ्यो, तरकारीबाट पनि त्यति आम्दानी लिन नसकेपछि बेसार नै लगाउन थालेका हौं ।' त्यो उद्योगले किसानलाई बेसार उत्पादन गर्न प्रोत्साहनस्वरुप तालिम पनि प्रदान गर्‍यो र बीउ पनि उपलब्ध गराएपछि किसानले बेसारखेती गर्न थालेका हुन् ।

उत्पादित सबै बेसारलाई त्यही उद्योगले खरिद गर्छ र प्रशोधन गरेर बजारमा बिक्री गर्ने गरेको छ । काँचो बेसार प्रतिकिलो ४० रुपैयाँमा खरिद गर्ने गरेको छ । अधिकारीले मात्रै चार बिघा जग्गामा वार्षिक छ मेट्रिक टन जति बेसार उत्पादन गरेर उद्योगलाई उपलब्ध गराएका छन् । अधिकारी र भण्डारीजस्तै तुलसीपुरका एक सय २० किसानले अहिले बेसारखेती गर्ने गरेका छन् । ती सबै नेपाल मसला उद्योगले खरिद गरेर प्रशोधनपछि बजारीकरण गर्ने गरेको छ ।

यसरी बेसार खरिद गरेर बजारीकरण गरिदिएपछि आफूहरूलाई घर चलाउन सहज भएको भण्डारीले बताए । 'हामीलाई अहिले बेसारखेती गरेर घर चलाउन सहज भएको छ,' उनले भने । तुलसीपुरको मोतीपुर, अम्बापुर, अम्वासलगायतका किसानले यसरी खेती गर्ने गरेका छन् । उद्योगले बेसारलाई प्रशोधन गरेर धुलो बनाई ३२ जिल्लामा पुऱ्याउने गरेको उद्योगका सञ्चालक जगदीश भण्डारीले बताए ।

'किसानले उत्पादन गरेको वस्तु बजारमा नपुग्ने र खेतमै कुहिने अवस्था थियो,' उनले भने, 'यसैलाई मध्यनजर गरी हामीले यो उद्योग सञ्चालनमा ल्याएका हौं, यसले किसानको जीवनस्तर पनि माथि उठाएको छ ।'२०७३ सालमा स्थापना भएको उक्त उद्योग सुरुआतमा एक करोड २५ लाख रुपैयाँखर्च भए पनि अहिलेसम्म करिब डेढ करोड लगानी भइसकेको उनले सुनाए । जिल्लामा बेसारखेती नहुने र बेसार बाहिरबाट आयात गर्नुपर्ने अवस्थालाई अन्त्य गर्न पनि उद्योग सञ्चालनमा ल्याएको उनले बताए । 'बेसारमा रोग प्रतिरोधात्मक शक्ति पनि हुन्छ, पौष्टिक कुरा पनि हुन्छ,' उनले भने, 'त्यसैले पनि बेसारलाई जिल्लामा उत्पादन गर्नुपर्छ भन्ने हेतुले कृषकलाई प्रोत्साहन गर्‍यौं भने बजारीकरणका लागि हामीले उद्योग सञ्चालनमा ल्यायौं ।' अहिले उद्योग बजारीकरणका लागि चार र उद्योगमा काम गर्न अन्य १० कर्मचारीले काम गरिरहेको उनले सुनाए ।

बेसार उद्योगबाट वार्षिक चार करोड रुपैयाँसम्मको कारोबार हुने गरेको छ । जसबाट पाँचदेखि सात प्रतिशत फाइदा हुने गरेको उनले बताए । अहिले वार्षिक तीन सय मेट्रिक टन बेसारलाई प्रशोधन गर्ने गरिएको भए पनि यसलाई बढाएर करिब एक हजार मेट्रिक टन उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए । 'अहिले धेरै जिल्लामा माग भइ पनि आएको छ,' उनले भने, 'त्यसैले उत्पादन र प्रशोधन पनि त्यत्तिकै बढाउनुपर्ने अवस्था छ ।'

अहिले तुलसीपुरमा मात्रै २० बिघाको हाराहारीमा बेसारखेती हुने गरेको छ । उद्योगले बेसारसँगै चिल्ली पाउडर, अदुवा पाउडर, मरिच पाउडर, सिस्नो पाउडर, मासु मसला, गरम मसलालगायत गरी ४२ थरि मसलासमेत उत्पादन हुने गरेको छ । अब केही समयमा रामपुर कम्पोजिट मकै तथा तोरीको बीउ उत्पादन गर्नेसमेत उनले बताए ।

सौर्य दैनिक
आर्थिक



### ४ महिनामै १ हजारभन्दा बढी विद्युतीय गाडी आयात

चालु आर्थिक वर्षको पहिलो चार महिना (साउन-कात्तिक) मा २ अर्ब ८६ करोड मूल्यको १ हजारभन्दा बढी विद्युतीय सवारी साधन आयात भएको छ । भदौसम्म यस्तो संख्या ७०५ थियो । सरकारले विदेशी विनमय सञ्चित जोगाउन डिजेल पेट्रोलबाट चल्ने सवारीको आयात रोकेपछि चालु आर्थिक वर्ष २०७९।८० मा विद्युतीय चार पांग्रे सवारीको आयात उच्च दरमा बढेको छ । सरकारले यो वर्ष महँगा मूल्यका विद्युतीय सवारीको भन्सार दर बढाएको छ ।

### अनलाईनमार्फत कारोबार गर्न निर्देशन

नेपाल राष्ट्र बैंकले शाखारहित बैंकिङ सेवामार्फत कारोबार गर्दा अपनाउनुपर्ने सजगता सार्वजनिक गरेको छ । बैंकले बुधबार एक निर्देशन जारी गर्दै शाखारहित बैंकिङ सेवामा सम्बन्धित बैंकको आधिकारिक प्रतिनिधि र सहायक प्रतिनिधिमार्फत मात्रै कारोबार गर्नुपर्ने बताएको हो । यस्तै राष्ट्र बैंकले यस्ता सेवामार्फत कारोबार गर्दा विद्युतीय उपकरणबाट मात्रै गर्नसमेत सेवाग्राहीलाई निर्देशन दिएको छ ।




### नयाँ अर्थमन्त्रीको पखाईमा उद्योगी

# छुटपछि स्पन्ज आइरनको आयात बढ्यो



**सौर्य समाचार**

काठमाडौं । सरकारले स्पन्ज आइरन आयातमा भन्सार तथा अन्तःशुल्कमा छुट दिँदा आयातसँगै राजश्व संकलनमा बृद्धि भएको छ । भन्सार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७९।८० को चार महिना (गत साउनदेखि कात्तिक मसान्तसम्म) को तथ्यांक अनुसार स्पन्ज आइरनको आयातमा बृद्धि भएको हो ।

सरकारले आर्थिक विधेयक २०७९ मार्फत फलामे डण्डीको कच्चा पदार्थ स्पन्ज आईरनको आयातमा भन्सार महशुल १ प्रतिशत मात्र कायम गरी अन्तःशुल्क पूर्ण छुट गरेको छ ।

न्यून भन्सार महसुल तथा अन्तःशुल्कमा पूर्ण छुट पाएका उद्योगीहरुले चार महिनामा साढे १२ अर्ब बढीको स्पन्ज आइरन आयात गरेको हो । उक्त अबधिमा भारतबाट १२ अर्ब ३२ करोड ९३ लाख रुपैयाँ बराबरको २० करोड २८ लाख १८ हजार ८३३ किलो स्पञ्ज आइरनको आयात भएको छ । उक्त आयातबाट सरकारले १ अर्ब ७४ करोड १४ लाख ८१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

गत आर्थिक वर्षको सोही अबधिमा न्यून आयात भएको स्पञ्ज आइरन चालू आर्थिक वर्ष लागेसँगै बृद्धि हुन थालेको छ । गत आर्थिक वर्ष ५ अर्ब ४८ करोड ६२ लाख ९६ हजार रुपैयाँ १० करोड १९ लाख ३७ हजार किलो आइरन आयात भएको थियो । उक्त आयातबाट सरकारले ८१ करोड ७२ लाख १९ हजार रुपैयाँ बराबर राजश्व संकलन गरेको थियो ।

स्पञ्ज आईरन उद्योगको अन्तःशुल्कमा छुट तथा भन्सार दर १ प्रतिशत कायम गर्दा सरकारले एमएस बिलेट आयातमा ४.७५ प्रतिशत भन्सार दर कायम गरी भन्सार विन्दुमै प्रति मेट्रिक टन ३५०० रुपैयाँ अन्तःशुल्कलाई बनाएको छ ।

यसअघि भन्सार दर ४.७५ प्रतिशत र अन्तःशुल्क प्रति मेट्रिक टन २५०० रुपैयाँ रहेकोमा आगामी आर्थिक वर्षको बजेटमा अन्तःशुल्कमा प्रतिमेट्रिक टन १ हजार रुपैयाँले बृद्धि गरी ३५०० रुपैयाँ बनाईएको हो ।

**घट्यो एमएस बिलेट आयात**

गत आर्थिक वर्षको तुलनामा चालु आवमा भन्सार महसुल सँगै अन्तःशुल्कमा बृद्धि भएपछि एमएस बिलेट आयात घटेको छ । भन्सार विभागले सार्वजनिक गरेको चार महिनाको तथ्यांक अनुसार गत आवको तुलनामा एमएस बिलेट आयातमा कमी आएको पाइएको हो ।

चार महिनाको अबधिमा ९ करोड ३१ लाख ९७ हजार किलो बराबरको ७ अर्ब ६८ करोड १६ लाख १७ हजार रुपैयाँ बराबरको मात्रै बिलेट आयात भएको हो । उक्त आयात हुँदा सरकारले १ अर्ब ७५ करोड ११ लाख बढी राजश्व संकलन भएको छ ।

गत आर्थिक वर्षको चार महिनाको अबधिमा ४२ करोड ५० लाख १६ हजार किलो बराबरको ३५ अर्ब ९ करोड ६७ लाख बढीको बिलेट आयात भएको थियो । उक्त आयातबाट सरकारले ६ अर्ब ७८ करोड ८९ लाख बराबर राजश्व संकलन गरेको थियो ।

अर्थमन्त्री जनार्दन शर्माले गत आर्थिक वर्ष प्रतिस्थापन विधेयक र चालु आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै एमएस बिलेटमा लाग्दै आएको अन्तःशुल्क बढाएका थिए । प्रतिस्थापन विधेयक ल्याउनु अघि आयात हुने बिलेटमा प्रति मेट्रिक टक १ हजार ६५० रुपैयाँ अन्तःशुल्क लाग्दै आएकोमा उनले त्यसमा वृद्धि गरी प्रति मेट्रिक टक २ हजार ५०० रुपैयाँ अन्तःशुल्क लगाएका थिए ।

उनले गत आर्थिक बर्षको बजेटमा मुलुकभित्रै स्टिल बिलेट उत्पादनलाई प्रोत्साहन गर्ने भन्दै कच्चा पदार्थ (स्पञ्ज आइरन) आयातमा भन्सार दर तथा अन्तःशुल्क शुल्क गर्ने व्यवस्था गरेका थिए ।

**नयाा अर्थमन्त्रीको पर्खाइमा बिलेट उद्योगी**

दुई कार्यकालसम्म स्पञ्ज आइरन उद्योगलाई छुट दिएका अर्थमन्त्रीको बिदाईमा एमएस बिलेट उद्योगीहरु रहेका छन् । जनार्दन शर्माले एकै प्रकृतिका उद्योगमा एकलाई छुट दिएर अर्को उद्योगलाई मर्का पारेको भन्दै बिलेट उद्योगीहरु नयाँ अर्थमन्त्रीका पखाईमा बसेको जनाएका छन् ।

नेपाल स्टिल रोलिङ मिल्स एसोसिएशन अर्थमन्त्री जनादर्न शर्माको बिदाईसँगै उद्योगीको मर्का बुझिदिने नयाँ अर्थमन्त्रीको पखाईमा बसेको जनाएको छ ।

'जनादर्न शर्माले हामी उद्योगीको समस्या बुझेनन्, एकै प्रकृतिका उद्योगलाई फरक/फरक नीति ल्याएर हाम्रो व्यवसाय नै चौपट बनाए', एक उद्योगीले भने, 'अर्थ नबुझेका मन्त्री हुँदा हामीलाई समस्या भएको थियो, अब आउने नयाँ अर्थमन्त्री उद्योगीका समस्या बुझ्ने खालको हुनुपर्छ, हामी जनादर्न शर्माको बिदाई पर्खिरहेका छौं ।'

# ४ महिनामा पौने ३ अर्बको विदेशी स्याउ आयात

**सौर्य समाचार**



काठमाडौं । हालै जुम्लाका एक युवाले स्याउका बोरा खाली ठाउँमा मुसा, चरा किराफट्यांग्रालगायतका लागि आहारा भन्दै फालेको भिडियो सामाजिक संजालमा अपलोड गरे । उनको भिडियोमा जुम्लामा उत्पादन भएको स्याउले बजार नपाउँदा कृषकहरु उत्पादन नष्ट गर्न बाध्य भएको देखाउन खोजिएको थियो ।

पछिल्लो समय नेपालमा उत्पादित वस्तुको अवज्ञा र विदेशी वस्तुको प्रयोग बढ्दो छ । यसले एकातिर स्वदेशी वस्तुलाई निरुत्साहित गरिरहेको छ भने संकुचित अर्थतन्त्रमा व्यापारघाटाको हिस्सा बढाउने काम पनि भईरहेको छ । जसको मारमा नेपाली कृषकहरु पनि परिरहेकै छन् ।

नेपालका हिमाली क्षेत्रमा बर्षेनी उत्पादन हुने स्याउ भौगोलिक कारण, सडक पूर्वाधारको कमि, मौसम खरावीलगायतका समस्याले सम्बन्धित बजारसम्म पुग्न पाउँदैनन् । त्यसको फाईदा विदेशी स्याउले उठाउँछ । जसको पछिल्लो उदाहरण हो नेपालमा भित्रिएको स्याउको आँकडा ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक बर्षको ४ महिनामा मात्रै नेपालले करिव पौने ३ अर्ब रुपैयाँ बराबरको स्याउ आयात गरेको छ । यो गत आर्थिक बर्षको सोही अवधिको तुलनामा करिव ३ प्रतिशतले बढी हो । गत आर्थिक बर्षको पहिलो ४ महिनामा २ अर्ब ७२ करोड ३६ लाख ७५ हजार रुपैयाँ बराबरको ३ करोड ५२ लाख ८८ हजार किलो स्याउ आयात भएको थियो ।

उक्त आयात बढेर चालु आवको साउनदेखि कात्तिक मसान्तसम्म २ अर्ब ८० करोड १४ लाख ३९ हजार रुपैयाँ बराबरको ३ करोड ७९ लाख ५१ हजार किलो स्याउ आयात भएको हो । यसरी हेर्दा नेपालमा विदेशी स्याउको खपत बढ्दो छ । नेपाली स्याउको बजारको भने हालसम्म कुनै अध्ययन वा अनुसन्धान भईसकेको छैन । फलफूल विकास केन्द्रका अनुसार नेपालमा पछिल्लो समय स्याउको उत्पादन पनि घट्दो अवस्थामा छ । करिव २ बर्षअघि गरिएको एक अध्ययनले नेपालमा पछिल्ले ११ महिनामा स्याउको उत्पादन १९ प्रतिशतले घटेको देखाएको हो । त्यसबेला नेपालमा ३१ हजार ३ सय ८६ मेट्रिकटन स्याउ उत्पादन भएको थियो । यसरी स्याउ उत्पादन भएपनि सम्बन्धित बजारसम्म स्याउ पुग्ने पूर्वाधारको कमिका कारण जुम्ला, हुम्ला, मुस्ताङलगायत जिल्लामा उत्पादन भएको स्याउ किरा र मुसाको चारो बन्ने अवस्थामा पुगेका छ ।

भन्सार विभागकै तथ्यांकलाई आधार मान्दा चालु आवको पछिल्लो ४ महिनामा नेपालले छिमेकी मुलक भारतबाट १ अर्ब ७८ करोडको र चीनबाट १ अर्ब २ करोड रुपैयाँ बराबरको स्याउ आयात भएको हो ।

यस्तै अघिल्लो आर्थिक बर्ष २०७७।७८ मा नेपालमा ७ अर्ब ५ करोड रुपैयाँ बराबरको स्याउ आयात भएको थियो । त्यसअघि बर्षमा नेपालमा आयात भएको स्याउ हेर्दा प्रत्येक बर्ष नेपालमा स्याउ आयात १ देखि २ अर्बसम्म बढिरहेको देख्न सकिन्छ ।

**मोबाइल उच्च आयात हुने वस्तुको अग्र स्थानमा**

बैदेशिक मुद्रा संचितिमा बढ्दो दबाब कम गर्न सरकारले जारी गरेको केही वस्तुमाथिको आयात प्रतिवन्धको असर स्मार्टफोन आयातमा देखिएको छ । गत आर्थिक बर्ष २०७७।७८ मा धेरै आयात हुने वस्तुको तेस्रो स्थानमा रहेको स्मार्टफोन आयात चालु आवको सोही अवधिमा घटेर नवौं स्थानमा पुगेको हो ।

सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै गत बैशाखदेखि विभिन्न १० वस्तुको आयातमा प्रतिवन्ध लगाएको थियो । जसमा महंगा मोबाइलको आयात पनि सामेल थियो । त्यसयता २ पटकसम्म आयात प्रतिवन्धको सूचना संशोधन गर्दा पनि महंगा मोबाईलको आयातमा लागेको प्रतिवन्ध कायमै छ । जसको प्रत्यक्ष असर मोबाइलको आयातमा देखिएको भन्सार विभागले जानकारी दिएको छ ।

विभागका अनुसार चालु आर्थिक बर्षको ४ महिना अर्थात गत साउनदेखि कात्तिक मसान्तसम्म नेपालमा १० अर्ब १० करोड ९८ लाख ७३ हजार रुपैयाँ बराबरका ७ लाख २९ हजार ७ सय ९५ थान मोबाईल आयात भएका छन् ।

यो गत आर्थिक बर्षको सोही अवधिको तुलनामा रकममा ५०.३५ प्रतिशत र मोबाईलको थानमा ७२ प्रतिशतको कम हो । गत आर्थिक बर्षको पहिलो ४ महिनामा नेपालमा २० अर्ब ३५ करोड ८६ लाख रुपैयाँ बराबरको २६ लाख १ हजार ७ सय ८० थान मोबाईल आयात भएको थियो ।

**कुन देशबाट कति भित्रियो मोबाईल**

पछिल्लो ४ महिनामा मात्रै नेपालले विभिन्न ४८ मुलुकबाट नेपालमा स्मार्टफोन आयात गरेको छ । जसमध्ये सबैभन्दा बढि स्मार्टफोन चीनबाट ७ अर्ब ११ करोड ९९ लाख रुपैयाँ बराबरको ५ लाख ३५ हजार ७ सय ५० थान आयात भएको छ । यस्तै नेपालमा धेरै मोबाईल निर्यात गर्ने दोस्रो मुलुक भारत हो । यस अवधिमा भारतबाट नेपालमा २ अर्ब ६७ करोड ९३ लाख रुपैयाँ बराबरको १ लाख ८९ हजार ६ सय ४२ थान स्मार्टफोन मोबाई आयात भएको छ । यस्तै नेपालले दुवईबाट ७ सय ४३ थान, अमेरिकाबाट ६ सय १० थान, जापानबाट ६ सय ५९ थान, अष्ट्रेलियाबाट ३ सय २१ थान स्मार्टफोन आयात गरेको छ ।

यी विभिन्न देशबाट आयात गरिएका स्मार्टफोनबाट नेपालले ४ महिनामा १ अर्ब ८८ करोड ६५ लाख रुपैयाँ राजस्व उठाएको भन्सार विभागले जानकारी दिएको छ । सरकारले तरलतामा र वैदेशिक मुद्रा संचितिमा चाप परेको, व्यापारघाटा लगातार बढेको भन्दै महंगा मोबाईलको आयातमा प्रतिवन्ध लगाएको थियो । पछिल्लो समय विभिन्न वस्तुको आयातमा लगाएको प्रतिवन्धको असर समग्र व्यवसायमै देखिएसँगै सम्बन्धित व्यवसायीहरुले आयात प्रतिबन्ध हटाउन माग गर्दै आएका छन् । हाल महंगा मोबाईल, मदिरा, तास र गाडी आयातमा लगाईएको प्रतिवन्ध अझै जारी रहेपनि अवैध रुपमा नेपालमा अहिले पनि महँगा मोबाइल आयात हुने क्रम नरोकिएको र त्यसले नेपाली अर्थतन्त्रमा नै नकारात्मक असर पुगेको व्यवसायीले दाबी गरिरहेका छन् ।

# चालु पूँजी कर्जा मार्गदर्शन रोक्नेदेखि सीआरआर घटाउन माग



**सौर्य समाचार**

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघले अर्थतन्त्र स्थायीत्वका लागि राखिएका मागहरु सम्बोधन नभए पुनःआन्दोलन गर्ने घोषणा गरेको छ ।
महासंघका अध्यक्ष शेखर गोल्छाले आफ्नो मन्तव्य राख्दै पत्रकार सम्मेलनमा निजी क्षेत्र चलायमान हुने गरि सुधारका कार्यक्रम नआए आर्थिक स्थायित्वका लागि थप कार्यक्रम घोषणा गर्न बाध्य हुने बताए ।

यसअघि महासंघले अर्थतन्त्र धराशायी भएका बेलामा सरकारले निजी क्षेत्रलाई उपेक्षा गरेको भन्दै जिल्ला नगर संघलगायतले आन्दोलनका कार्यक्रम घोषणा गरी धर्नासमेत गरिसकेका छन् । निर्वाचन नजिकिएकाले महासंघले यस्ता धर्ना कार्यक्रमहरु स्थगित गर्न आग्रह गरेको थियो । त्यसपश्चात निजी क्षेत्रका आन्दोलनहरु रोकिएका छन् ।

अझै पनि व्यवसाय नै संचालन गर्न नसक्ने अवस्था रहेको महासंघका अध्यक्ष गोल्छाले बताए । 'मुलुकमा सम्पत्ति निर्माण गर्ने निजी क्षेत्रका गतिविधि संकुचित हुँदा सबैतिर नराम्रो असर परेको तर्फ सबैले हेक्का राख्न जरुरी छ ।

उद्यम व्यवसाय चलाउनै नसक्ने अवस्था आएको हुँदा निजी क्षेत्र वाध्य भएर आन्दोलित भएको हो । यो हाम्रो रहर हैन वाध्यता हो । निजी क्षेत्र चलायमान हुने गरि सुधारका कार्यक्रम आउन सकेनन् भने हामी आर्थिक स्थायित्वका लागि थप कार्यक्रम घोषणा गर्न वाध्य हुनेछौ,' उनले भनेका छन् ।

हाल नेपालको निजी क्षेत्रका देखिएको माग सन्तुलनको विकृति र यसले निम्त्याएको संकुचनले निजी क्षेत्र धराशायी हुने अवथामा पुगेको महासंघका भनाई छ । हालको यस्तो चंगुलबाट निजी क्षेत्रलाई माथि उकास्न सरकारले बिशेष ध्यान दिनुपर्ने माग महासंघले राखेको छ ।

जसमा चालु पूँजी कर्जा मार्गदर्शन कम्तिमा २ बर्ष स्थगन गर्नुपर्ने, ब्याजदर स्थायित्व र तरलताको सुविधामा विशेष ध्यान दिनुपर्ने, त्यसका लागि पुर्नकर्जा नविकरणको म्यान कम्तिमा १ बर्ष दिनुपर्ने, अनिवार्य नगद अनुपात १ प्रतिशतले कम गर्नुपर्ने, सरकारी ढुकुटिमा रहेको रकम तरलतामा गणना गर्ने, स्थानीय तहको शतप्रतिशत रकमलाई तरलतामा गणना गर्नुपर्ने लगायतका मागहरु राखेको छ ।

यस्तै महासंघले पूँजीगत खर्च बढाउने योजना तत्काल कार्यान्वयन गर्नुपर्ने, वैदेशिक लगानी आकर्षित गर्न तत्काल कार्यविधि बनाउनुपर्ने, तत्काल कन्ट्री रेटिङ गरिनुपर्नेसमेत मागहरु राखेको छ ।

यसरी यी मागहरु तत्काल कार्यान्यनमा गए मात्रै देशको आर्थिक अवस्था र निजी क्षेत्रको अवस्था माथि उठ्न सक्ने महासंघको ठहर छ । तसर्थ यी मागहरुको चाँडै कार्यान्वयन नभए पुनः महासंघ आन्दोलनमा उत्रने बताएको हो ।

कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले समापन मन्तव्य राखेका थिए । कार्यक्रममा महासंघका उपाध्यक्षहरु दिनेश श्रेष्ठ, अन्जन श्रेष्ठ, कार्यकारिणी समितिका सदस्यहरुको उपस्थिति रहेको थियो ।

## कर्पोरेट

### 'साइबर विक' अफर नेपालमा पनि




काठमाडौं । आईएमई पे र बिग डिजिटल स्टोरको सहकार्यमा 'साइबर विक' नेपालमा पनि सञ्चालनमा आएको छ । यो अफर १३ मंसिरदेखि सुरु भएको कम्पनीले जनाएको छ । साइबर विक नामक अफरमार्फत बिग डिजिटल स्टोरमा ५० प्रतिशतसम्मको छुटमा ल्यापटप, मोबाइल र अन्य सबै सामानहरु खरिद गर्न सक्ने कम्पनीले जनाएको छ ।

### इसेवा ट्रान्सफरका ब्राण्ड एम्बेस्डर र राजदूत ढकालबीच भेटवार्ता

काठमाडौं । इसेवा मनी ट्रान्सफरका ब्राण्ड एम्बेस्डर तथा नेपाली सिने जगतका नायक राजेश हमाल र यूएईका लागि नेपालका राजदूत कृष्णप्रसाद ढकालबीच भेटवार्ता भएको छ । भेटका क्रममा हमालले राजदूत ढकालसँग इसेवा मनी ट्रान्सफरको "मेरो डिजिटल देश अभियानको अवधारणा र अभियानमा आफ्नो भूमिकाबारे जानकारी गराएका थिए ।

### प्रभु बैंक र उद्यम नेपालबीच सम्झौता

काठमाडौं । प्रभु बैंक लिमिटेड र यूएसआईडीको व्यापार तथा प्रतिस्पर्धा आयोजना उद्यम नेपालबीच सहयोग सम्बन्धमा सम्झौता भएको छ । सम्झौता पत्रमा यूएसआईडीको व्यापार तथा प्रतिस्पर्धा आयोजनाका प्रतिनिधि एग्नेस लुज र बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले हस्ताक्षर गरे । नेपालको अर्थतन्त्रलाई कोभिड-१९ को महामारीपछि सुधार गर्दै दीगो रुपमा लघु, साना र मध्यम आकारका उद्यमका लागि वित्तीय उत्पादन, सेवा रोजगारीको अवसर सिर्जना गर्ने बिषयमा सम्झौता भएको हो ।

### सुर्खेतमा नेशनल लाइफको अभिकर्ता भेला

काठमाडौं । नेशनल लाइफ इन्स्योरेन्स कम्पनीले सुर्खेतमा अभिकर्ता भेला तथा पुनर्ताजगी कार्यक्रम सम्पन्न गरेको छ । भेलामा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले अभिकर्ता पेशालाई ब्यवसायिक बनाउदै वहाँहरुको जिवनस्तर मा सकारात्मक परिवर्तन गर्ने र कम्पनीको व्यवसाय समेत प्रबर्द्धन गर्दै लैजाने नीति अनुरुप कार्यक्रम आयोजना गरिएको बताए । खत्रीले बीमा ऐन २०७९ का आधारभूत विषयवस्तुको बारेमा प्रकाश पारेका थिए ।

# बाह्र ठेकेदार कम्पनी कालोसूचीमा

**सौर्य समाचार**

काठमाडौं । सार्वजनिक खरिद अनुगमन कार्यालयले विकास तथा पूर्वाधार निर्माणलाई अलपत्र पार्ने र समयमा निर्धारित काम सम्पन्न नगर्ने १२ कम्पनीलाई कालोसूचीमा राखेको छ ।

कार्यालयले आज एक सूचना प्रकाशित गर्दै ती कम्पनीहरुलाई निश्चित समयका लागि सार्वजनिक निकायको खरिदमा संलग्न हुन नपाउने गरी प्रतिबन्ध समेत लगाएको हो ।

कार्यालयका अनुसार होमनाथ गौतम मुख्य सञ्चालक रहेको भारत-सप्तकोसी जेभी काठमाडौंलाई साढे दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालय बुटवलले यो ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्नका लागि सिफारिस गरेको थियो ।

रानीजमरा-कुलरिया सिँचाइ आयोजनाको काममा ढिलाइ गर्ने हाइग्रिवा/सिद्धि साँई प्रकाश जेभीलाई पनि दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक देपेन्द्रबहादुर शाही र नरेन्द्र प्रधान रहेका छन्नुर । त्यस्तै हेटौंडा महानगरपालिकाको सिफारिसमा भरतपुर चितवनको हाइवे कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राखिएको छ । नारायण सुवेदी मुख्य सञ्चालक भएको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ । शहीद गङ्गालाल हृदय केन्द्र बाँसबारीको सिफारिसमा काठमाडौंको विधि बिल्डर्स प्रालि पनि कालोसूचीमा परेको छ । विप्लव पोखेल सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको हो ।खलङ्गा जाजरकोटको साइबाबा एन्ड तारा कन्स्ट्रक्सन एक वर्षका लागि कालोसूचीमा परेको छ । सञ्जयाकुमारी राना (शाह) सञ्चालक रहेको यो कम्पनीलाई कालोसूचीमा राख्न टोखा नगरपालिकाले सिफारिस गरेको थियो ।

यस्तै नेपाल कृषि अनुसन्धान परिषद्को सिफारिसमा जुम्लाको अनुकूल निर्माण सेवालाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीको सञ्चालक तिलबहादुर भण्डारी रहेका छन ।

काठमाडौँको नयाँ बानेश्वरमा कार्यालय रहेको पाँचखाल कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राख्न पर्यटन विकास आयोजना हेटौँडाले सिफारिस गरेको थियो । प्रेमप्रसाद अधिकारी सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ

का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद




नेपाली राष्ट्रिय क्रिकेट टिमका तीव्र गतिका बलर सोमपाल कामीको एकदिवसीय बलिङ वरीयतामा सुधार भएको छ । नयाँ वरीयतामा सोमपाल ९३ औं स्थानमा छन्



बेलायतकी टेनिस खेलाडी इमा राडुकानु मंगलबार अर्डर अफ द ब्रिटिस एम्पायर (एमबीई)को सदस्य बनेकी छन् । १८ वर्षिया राडुकानुले गत वर्ष यूएस ओपन जितेकी थिइन्

■ यू-१९ राष्ट्रिय क्रिकेट

## सुदूरको लगातार पाँचौं जित



■ **सौर्य समाचार**

काठमाडौं । स्पिनर नरेन साउदको पाँच विकेट र दीपक बोहराको अर्धशतकमा सुदूरपश्चिम प्रदेशले वाई वाई यू१९राष्ट्रिय प्रतियोगितामा लगातार पाँचौं जित हात पारेको छ । सुदूरले मधेश प्रदेशलाई ७ विकेटले हराउँदै फाइनल नजिक पुगेको छ ।

जितको लागि १ सय २३ रनको विजयी लक्ष्य पछ्याएको सुदूरले १८.५ ओभरमा ३ विकेट गुमाउँदै पूरा गऱ्यो । सुदूरको जितमा दीपक बोहराले ५८ बलमा ६ चौका २ छक्कासहित सर्वाधिक ५३ रनको अर्धशतकीय इनिङ खेले । अर्का ओपनर दीपक बोहरा २४ बलमा ६ चौकासहित २४ रनमा आउट भए ।

गजेन्द्र बोहरा १० बलमा २ चौका र २ छक्कासहित २४ रन र अनुराग सिंह २ रनमा अविजित छन् । विकेटकिपर सुनिल चन्द १७ बलमा १ चौका र १ छक्कासहित ११ रनमा आउट भए । मधेशका अभिषेक तिवारीले सर्वाधिक दुई विकेट लिए ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङको निम्तो पाएको मधेश ३८.१ ओभरमा १ सय २२ रनमा अल आउट भयो । मधेशका अनिल अन्सारीले ५६ बलमा ५ चौकासहित सर्वाधिक ३२ रनमा आउट भए ।

तीव्र गतिका बलर हेमन्त धामीले आफ्नो उच्च लयलाई निरन्तरता दिँदै पुनः शीर्षक्रम धरासायी बनाए । हेमन्तले ओपनर शैलेन्द्र शाह शून्य र तेस्रो नम्बरका ब्याटर डब्लू मलिकलाई ११ रनमा बोल्ड गरेका थिए । हेमन्तले नै ओपनर मयन यादवले २३ लाई रनमा क्याच गराए ।

त्यसपछि मधेशको ब्याटिङ टियु एण्डबाट आएका नरेन साउद र चोभार एन्डबाट आएका युवराज खत्रीले धरासयी बनाए । चौथो नम्बरका ब्याटर इमरान शेख ३८ बलमा ५ चौकासहित २८ रनमा नरेनको बलमा बोल्ड भए ।

त्यसपछि अन्य कुनैपनि ब्याटरले सम्झन लायक रन बनाउन सकेनन् । कप्तान अभिषेक तिवारी शून्य, राजेश यादव ६, नितेश यादव ४ र अब्जित मण्डल ६ रनमा आउट भए ।

सुदूरका नरेन साउदले ९.१ ओभरमा १ मेडनसहित २४ रन खर्चेर ५ विकेट लिए । पहिलो खेल खेलेका युवराज खत्रीले ९ ओभरमा १ मेडनसहित १५ रन खर्चेर २ विकेट लिए । हेमन्त धामीले ६ ओभरमा १ मेडनसहित २७ रन खर्चेर ३ विकेट लिए ।

सुदूरले अन्तिम खेलमा शुक्रबार बागमतीसँग खेल्नेछ । उक्त खेलमा पराजित हुँदा पनि फाइनलमा पुग्न सक्छ । लुम्बिनी र बागमतीबीचको खेल मुलपानीमा छ । उक्त खेलमा बागमती विजयी हुँदा सुदूरपनि एक खेल अगावै फाइनलमा पुग्नेछ । बागमती पराजित हुँदा अन्तिम खेल र अन्य टोलीको नतिजा पर्खनु पर्छ ।

सुदूर ५ खेलमा १० अंकका साथ शीर्ष स्थानमा छ । बागमती ४ खेलमा ८ अंकका साथ दोस्रो स्थानमा छ । लुम्बिनी ३ खेलमा ४ अंकका साथ तेस्रो स्थानमा छ । अन्य चार प्रदेश भने बाहिरि सकेका छन् । शीर्ष दुई टोली फाइनल खेल्नेछन् ।

## काठमाडौं नेपाल टी-२० लिगबाट बाहिरियो

■ **सौर्य समाचार**

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्ने नेपाल टी-२० लिगको फ्रेन्चाइज टोली काठमाडौं गुर्खाज प्रतियोगिताबाट बाहिरिएको छ । कान्तिपुर मिडिया ग्रुपको स्वामित्वमा रहेको काठमाडौंले नाम फिर्ता लिएको क्यानले आधिकारीक रुपमा जनाएको छ ।

प्रतियोगिता मंसिर २६ देखि पुष १६ (डिसेम्बर १२ देखि ३१) टियु क्रिकेट मैदानमा हुनुपर्ने हो । तर नेपाल टी-२० लिग सुरु हुन दुई साता बाँकी रहेको अवस्थामा तयारी हेर्दा प्रतियोगिता नै नहुने उच्च सम्भावना देखिन्छ । क्यानका कार्यवाहक सचिव तथा नेपाल टी-२० लिगका गर्भनिङ काउन्सिलका अध्यक्ष प्रशान्त मल्लले एक साता सर्न सक्ने बताए । 'हाम्रो प्रयास त्यही मितिमा गर्नेछ । हैन भने हामीले आइसिसीबाट एक हप्ता थप्छौं । अरु सबै तयारी भएको थियो । काठमाडौं आधिकारीक रुपमै बाहिरिएको हो', प्रशान्तले भने । ' हाम्रो सबै तयारी भएको छ । काठमाडौंको ठाउँमा अर्को फ्रेन्चाइज आउँछ अनि हुन्छ । एक हप्तापछि सर्न सक्छ', मल्लले भने ।

काठमाडौं फ्रेन्चाइजकी सिइओ भावना घिमिरेले यो मालिकहरुको कुरा हुँदा आफू बोल्न नमिल्ने बताइन् । नेपाल टी-२० लिगमा काठमाडौं गुर्खाज, पोखरा एभेन्जर्स, विराटनगर सुपर किंग्स, लुम्बिनी अल स्टार्स, जनकपुर रोयल्स र फार वेस्टर्न युनाइटेड छन् । कान्तिपुर र पोखरा मात्रै नेपाली मालिकको स्वामित्वमा भएका फ्रेन्चाइज टोली हुन् ।

नेपाल टी-२० लिग गत असोजबाट सरेको थियो । यसअघि गत असोजमा हुने भनिएपनि निर्वाचनको कारण सुरक्षाको कारण देखाउँदै स्थगित भएको थियो । क्यानले सुरक्षाको वहाना देखाए पनि कमजोर तयारीको कारण सरेको थियो ।

कान्तिपुरले विदेशी खेलाडी श्रीलंकाका थिसरा परेरा, कामिन्दु मेन्डिस, धनन्जय डि सिल्भा, दर्शनप्रिय विराकोडी र मलेसियाका विरनदीप सिंहलाई अनुबन्ध गरेको थियो । तर नेपाल टी-२० सरेपछि कान्तिपुरले अन्य खेलाडीलाई अनुबन्ध गर्न प्रयास गरेको थियो । नेपाल टी-२० लिग सुरु हुन दुई साता बाँकी रहँदा तयारी भने सुनसान जस्तै छ । नेपाल टी-२० लिग विवादै विवादले घेरिएको छ । त्यसैको कारण फ्रेन्चाइज टोलीले नाम फिर्ता लिन थालेका हुन् । एभरेष्ट प्रिमियर लिग (इपिएल) ले क्यान र भारतीय कम्पनीबीच भएको सम्झौता नेपालको कानुन विपरित रहेको र यो प्रक्रिया पारदर्शी नभएको जनाएको छ ।

यसैको विरुद्धमा इपिएल र सहभागी टोलीले प्रतियोगिता आयोजना गर्न दिएको निर्णय तत्काल रोक्का गर्न (स्टे अर्डर) को मागसहित गत जेठमा सर्वोच्चमा रिट निवेदन दायर गरेका थिए ।

उक्त मुद्दामा फैसला यसै साता भित्र हुने इपिएल संचालक आमिर अख्तरले दाबी गर्दै आएका छन् । तर मुद्दाको पेशी भने ६ महिना पछि धकेलिएको स्रोतले बताउँछ । क्यानले विना खुल्ला प्रतिस्पर्धा विना सेभेन श्री स्पोर्ट्सलाई नेपाल टी-२० लिग आयोजना अधिकार ८ वर्षका लागि ३३ करोडमा बेचेको थियो ।

## कतार विश्वकपका पाँच रोचक तथ्य



■ **एजेन्सी**

दोहा । कतार विश्वकपमा अहिले समूह चरणका अन्तिम खेलहरु चलिरहेका छन् । मंसिर ४ गतेबाट सुरु भएको विश्वकपमा विभिन्न टोलीहरुले आफ्नो खेल कौसलताले दर्शकहरुलाई मोहित बनाइ रहेका छन् । कतार विश्वकप सबैभन्दा धेरै खर्च भएको विश्वकप देखि लिएर विन्टर सिजनमा भएको पहिलो विश्वकपसम्मको रोचक तथ्य बनाएको छ । कतार विश्वकपका बिभिन्न सात रोचक तथ्यको हामी चर्चा गर्नेछौं ।

**१. विन्टर सिजनमा भएको पहिलो विश्वकप**

कतार विश्वकप गर्मीका कारण विन्टर सिजनमा गर्ने फिफाले निर्णय गर्‍यो । समर सिजनमा कतारमा अत्याधिक गर्मी हुने भएका कारण विन्टर सिजनमा विश्वकप आयोजना भएको हो ।

यो आयोजनाले मौसमी रुपमा एसियन राष्ट्रहरुलाई भने राहात मिलेको छ । विश्वकपमा एसियन राष्ट्रहरुमा आएको निखारताको एक आयम पनि यसै सयमा विश्वकप भएर हुन सक्ने अनुमान फुबल विज्ञहरुले गरेका छन् ।

कतारमा समर सिजनमा ५० डिग्रीसम्मको गर्मी हुने गर्दछ ।

**२. सबैभन्दा महँगो विश्वकप**

फिफा २०२२ विश्वकपको बारेमा एउटा तथ्य नयाँ स्थापित भएको छ । विश्वकप आयोजनाका लागि कतारले भरपूर खर्च गरेको छ । हालसम्म आयोजना भएको विश्वकप भन्दा धेरै खर्च कतारले यो विश्वकपमा गरेको छ ।

विश्वकै धनी राष्ट्र मध्यको एक कतारले प्रतियोगिताका लागि अनुमानित २०० अर्ब डलर खर्च गरेको बताएको छ । यसमा पूर्वाधार, विकास, प्रर्वधन र धेरै ठूला परियोजना समावेस भएका छन् ।

**३. कम स्टेडियममा आयोजना गर्ने दोस्रो राष्ट्र**

कतार विश्वकपमा हाल ८ स्टेडियमहरु प्रयोग भएका छन् । कतारले विश्वकपका लागि भनेर जम्मा आठ स्टेडियमहरु निर्माण गरेको छ । विश्वकपमा यसअघि सन् १९७८ मा अर्जेन्टिनामा भएको विश्वकपमा ६ स्टेडियम प्रतियोगि गरिएको थियो ।

कतारले सबै रंगशालाहरु कतारको राजधानीबाट छोटो दुरीमा पर्ने गरेर नयाँ तयार गरेको थियो । सबै रंगशालाहरु कतारको संस्कृति झल्किने गरेर तयार परिएको थियो ।

**४. दर्शकका कीर्तिमान बन्ने सम्भावना**

मध्य पूर्वी राष्ट्रमा विश्वकप भइरहेका कारण अन्य देशको तुलनामा कतारमा पुग्न सहज छ । एसियन मूलुकका दर्शकहरु पनि नजिक भएको विश्वकपलाई छुटउन चाहान्नन् ।

कतारले विश्वकपका लागि भनेर धेरै सेवा सुविधाहरु तयार गरेको छ । विश्वकपका ठूला खेलहरुका लागि कतारमा १३ सय उडान चार्टर गरिएको छ ।

**५. विश्वकप आयोजना गर्ने पहिलो मध्यपूर्वको राष्ट्र**

पछिल्ला वर्षहरूमा मध्यपूर्वका देशहरू आर्थिकहरुमा विश्वको शीर्ष स्थानमा रहे पनि कतारले मात्र आयोजकको हैसियत हासिल गर्न सफल भएको छ । कतार विश्वकप आयोजना गर्ने पहिलो मुस्लिम राष्ट्र पनि हो । यसका साथसाथै सन् २०२२ को विश्वकपलाई जापान र दक्षिण कोरियाले मिलेर आयोजना गरेको २००२ को विश्वकपपछि एशियामा आयोजना हुने दोस्रो राष्ट्र पनि हो ।

### बिहीबारको खेल

| खेल | समय |
|---|---|
| क्रोसिया बेल्जियम | राती ८: ४५ |
| क्यानाडा मोरोक्को | राती ८: ४५ |
| जापान स्पेन | राती १२:४५ |
| जर्मनी कोष्टारिका | राती १२:४५ |

## विश्व

## भारतले चामल निर्यातको प्रतिबन्ध हटायो



■ **एजेन्सी**

नयाँ दिल्ली । भारत सरकारले चामल निर्यातमा लगाएको प्रतिबन्ध फुकुवा गरेको छ । तीन महिनापछि सरकारले चामल निर्यातमाथिको प्रतिबन्ध हटाएको हो । विदेश व्यापार महानिर्देशनालयले (डिजिएफटी) मङ्गलबार अबेर एक सूचना जारी गरेर निर्यात फुकुवा गरेको जनाएको हो ।

सङ्घीय वाणिज्य तथा उद्योग मन्त्रालयअन्तर्गतको डिजिएफटीले पर्याप्त आन्तरिक आपूर्ति सुनिश्चित गर्न तथा हिउँदे बालीको याममा चामलको कम उत्पादन हुने आशङ्कामा जैविक गैर-बासमती चामललगायत अन्य चामलको निर्यातमा प्रतिबन्ध लगाएको थियो ।

वैदेशिक व्यापार नियमन एवम् प्रवर्द्धनमा संलग्न उक्त निकायले त्यसबेला स्वदेशी आपूर्ति बढाउन उसिना चामलबाहेक गैर-बासमती जातका चामलमा २० प्रतिशत निर्यात शुल्कसमेत लगाएको थियो । चामलको सम्भावित अभाव हुने डर हटेपछि प्रतिबन्ध हटाइएको सरकारी अधिकारीहरूले बताएका छन् ।

## इरान विरोध प्रदर्शनमा ४ सय बढी मारिए

■ **एजेन्सी**



तेहरान । बाइस वर्षीया महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युलाई लिएर गत असोजदेखि देशभर शुरु भएको विरोधप्रदर्शनका क्रममा इरानी सुरक्षा बलले कारबाही गर्दा कम्तीमा चार सय ४८ जना मारिएका छन् । विरोध प्रदर्शनमा सुरक्षाकर्मीसँग भएका झडप तथा प्रदर्शन दबाउन सुरक्षाकर्मीले बल प्रयोग गर्दा उनीहरू मारिएका मानवअधिकार समूहलाई उद्धृत गर्दै अरब न्युजले जनाएको छ । नर्वेको इरान मानवअधिकार समूहका अनुसार हालसम्म मारिएका चार सय ४८ जनामध्ये ६० जना १८ वर्ष मुनिका नाबालिग छन् । अठार वर्ष मुनिका नौ जना केटी पनि सुरक्षाकर्मीको कारबाहीमा मारिएका छन् ।

समूहको प्रतिवेदनअनुसार गत साता मात्र सुरक्षाकर्मीले १६ जनालाई मारेको थियो । मारिएकामध्ये १२ जना कुर्दिस जनसंख्या अधिक भएको इलाकाका हुन् । ती इलाकामा अहिले पनि हिंसात्मक प्रदर्शन जारी छन् । दोहोरो झडपमा मारिएका नागरिकको संख्या मात्र प्रतिवेदनमा समावेश गरिएको तथा त्यसमा सुरक्षाकर्मीको हताहती समावेश गरिएको छैन ।

इस्लामिक रिभोलुस्नरी गार्ड क्प्सका ब्रिगेडियर जनरल अमीराली हज्जिजादेहले विरोधप्रदर्शनका क्रममा तीन सय जना मारिएका बताएका छन् । सरकारी स्तरमा पहिलो पटक हताहतीको विवरण सार्वजनिक भएको पनि अरब न्युजले जनाएको छ ।

उपयुक्त ढङ्गले टाउको नछोपेको अभियोगमा गत भदौ ३१ गते पक्राउ परेकी अमिनीको केही दिनपछि हिरासतमा मृत्यु भएको थियो । उनको हिरासतमा मृत्यु भएको खबर सार्वजनिक भएपछि इरानमा विरोधप्रदर्शन भड्किएको छ । धार्मिक प्रहरीले उनलाई यातना दिएर मारेको आरोप प्रदर्शनकारीले लगाएका छन् । यद्यपि इरान सरकारले त्यसको खण्डन गरेको छ ।

## चीनले आणविक हतियार तेब्बर पार्दैछ : अमेरिका




■ **एजेन्सी**

वासिंगटन । चीनको आणविक हतियार सन् २०३५ सम्ममा तीन गुणाभन्दा बढी हुने सम्भावना रहेको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले जनाएको छ । देशको वायु सेनाको बढ्दो परिष्कारलाई पनि रिपोर्टमा प्रकाश पारिएको छ ।

'रक्षा मन्त्रालयको अनुमान छ कि चीनको परिचालन आणविक हतियार भण्डार ४०० नाघेको छ' रिपोर्टमा भनिएको छ, 'यदि चीनले आफ्नो आणविक विस्तारको गतिलाई निरन्तरता दियो भने सन् २०३५ सम्ममा उसले करिब १५०० हतियारको भण्डार राख्न सक्छ ।', पेन्टागनको रिपोर्टमा भनिएको छ ।

वाशिंगटनले बेइजिङलाई संयुक्त राज्य अमेरिकाको लागि सबैभन्दा परिणामात्मक चुनौतीको रूपमा पहिचान गरेको छ । चीनको सेनाको वार्षिक प्रतिवेदनले आफ्ना आणविक र परम्परागत शक्ति दुवैमा सुधारमा जोड दिएको छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी